# निजगढ राजपत्र

## निजगढ नगरपालिकाद्वारा प्रकाशित

खण्डः ९ संख्याः २ मितिः २०८२/०१/२६


## भाग -२

## निजगढ नगरपालिका

# स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्बन्धी निर्देशिका, २०८२

**प्रस्तावनाः** नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ र मन्त्री परिषदबाट स्वीकृत कार्य विस्तृतीकरणमा उल्लेखित स्थानीय तहले आम नागरिकलाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नु पर्ने जिम्मेवारी वहन गर्ने प्रयोजनका लागि सरकारी, नीजि, सामुदायिक, गैरसरकारी वा सहकारी स्तरमा स्थापना हुने स्वास्थ्य सेवा विस्तार, स्तरवृद्धि, स्वास्थ्य सेवा संचालन अनुमति प्रदान गर्ने प्रक्रियालाई सरल,

सहज, व्यवस्थित तथा प्रभावकारी बनाई यस नगरपालिका क्षेत्र भित्र स्वास्थ्य सेवा संचालन गर्न वाञ्छनीय भएकाले,

निजगढ नगरपालिका नगरकार्यपालिकाले निजगढ नगरपालिका स्वास्थ्य ऐन, २०७६ को दफा २९ ले दिएको अधिकार प्रयोग गरी देहायको निर्देशिका बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्बन्धी निर्देशिका, २०८२" रहेको छ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः–

(क) "अनुगमन समिति" भन्नाले नगर पालिकाले गठन गर्ने ***अनुसूची–१*** बमाजिमको समिति सम्झनु पर्छ ।

(ख) "अनुमति प्रदान गर्ने निकाय" भन्नाले दफा ३ मा उल्लिखित अनुमति प्रदान गर्ने निकाय सम्झनु पर्छ ।

(ग) "अस्पताल" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम संस्थापित सरकारी अस्पताल, निजी अस्पताल, नर्सिङ्ग होम, सामुदायिक अस्पताल, गैरसरकारी अस्पताल वा सहकारी अस्पताल सम्झनु पर्छ ।

(घ) “आयुर्वेद अस्पताल” भन्नाले आयुर्वेद चिकित्सा पद्धतिमा आधारित भई स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था सम्झनु पर्छ र सो शब्दले आयुर्वेद चिकित्सा पद्धतिबाट उपचार गर्ने गरी सञ्चालन गरिएका नर्सिङ होम, पोली क्लिनिक, पञ्चकर्म अस्पताल समेतलाई जनाउँछ ।

(ङ) “कन्सल्टेन्ट” भन्नाले सम्बन्धित बिषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उपाधि डिग्री वा डिप्लोमा प्राप्त गरेका वा तोकिए बमोजिमका विशेषज्ञ तालीम प्राप्त गरी सम्बन्धित काउन्सिलमा दर्ता भएका विशेषज्ञ चिकित्सक सम्झनु पर्छ ।

(च) "कार्यपालिका" भन्नाले निजगढ नगरपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(छ) “गैरसरकारी अस्पताल” भन्नाले मुनाफारहित उद्देश्यले स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनका लागि प्रचलित कानून बमोजिम दर्ता भई स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनु पर्छ ।

(ज) “डाईग्नोस्टीक सेन्टर” भन्नाले निदानात्मक सेवाहरु जस्तैः प्रयोगशाला सेवा, रेडियो ईमेजिङ जस्ता सेवाहरु प्रदान गर्न कानून बमोजिम दर्ता भई स्वास्थ्य सेवा सञ्चालन गर्ने संस्थालाई सम्झनु पर्छ ।

(झ) "नगरकार्यपालिकाको कार्यालय" भन्नाले निजगढ नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(ञ) "नगरपालिका" भन्नाले निजगढ नगरपालिका सम्झनु पर्छ ।

(ट) "प्रादेशिक स्वास्थ्य संरचना" भन्नाले प्रदेशमा रहने स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय वा विभाग सम्झनु पर्छ ।

(ठ) "निजी अस्पताल वा नर्सिङ्गहोम" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कम्पनी कानून बमोजिम स्थापना भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त निजी अस्पताल वा नर्सिङ्गहोम सम्झनुपर्छ ।

(ड) "पोली क्लिनिक" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई एकै संस्थाबाट कम्तिमा पाँच वटा सेवा जस्तैः बहिरङ्ग सेवा, प्रयोगशाला, रेडियो ईमेजिङ्ग, फिजियोथेरापी, परिवार नियोजन, खोप सेवा आदि जस्ता बहुसेवा उपलब्ध गराउने संस्थालाई सम्झनुपर्छ ।

(ढ) "भवन निर्माण मापदण्ड" भन्नाले भवन निर्माण सम्बन्धी मापदण्ड, २०६४ मा उल्लेखित मापदण्ड सम्झनु पर्छ र सो शब्दलेस्वास्थ्य सम्बन्धी भवनको लागि छुट्टै मापदण्ड नभएको स्थानको हकमा ***अनुसूची–२*** मा उल्लेखित भवन निर्माण मापदण्ड समेतलाई जनाउँछ ।

(ण) "भवन संहिता" भन्नाले भवन ऐन, २०५५ को दफा ३ को उपदफा (२) बमोजिम नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय भवन संहिता सम्झनु पर्छ ।

(त) "मन्त्रालय" भन्नाले नेपाल सरकार, स्वास्थ्य मन्त्रालय सम्झनु पर्छ।

(थ) "सरकारी अस्पताल" भन्नाले नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व रहने गरी सार्वजनिक हितका लागि स्थापना भएका वा हुने स्वास्थ्य सेवा प्रदायक अस्पताल सम्झनुपर्छ ।

**स्पष्टीकरणः** यस खण्डका प्रयोजनका लागि "आंशिक स्वामित्व" भन्नाले नेपाल सरकारको कम्तीमा एकाउन्न प्रतिशत लगानीलाई सम्झनुपर्छ ।

(द) "सहकारी अस्पताल" भन्नाले सहकारीको सिद्धान्त बमोजिम सदस्य समेतलाई स्वास्थ्य सेवा दिने उद्देश्यले सहकारी ऐन, २०७४ बमोजिम दर्ता भई अनुमति प्रदान गर्ने निकायवाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनुपर्छ ।

(ध) "सामुदायिक अस्पताल" भन्नाले सम्बन्धित सरकारी निकायमा संस्था दर्ता भई सामुदायिक लगानी र व्यवस्थापनमा सञ्चालन हुने गरी मुनाफारहित उद्देश्य लिई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनुपर्छ ।

(न) "संस्था दर्ता गर्ने निकाय" भन्नाले यस निर्देशिका बमोजिम स्वास्थ्य सेवा संचालन अनुमति लिनु पूर्व प्रचलित कानून बमोजिम स्वास्थ्य संस्था दर्ता गर्ने निकाय सम्झनुपर्छ ।

(प) "स्वास्थ्य क्लिनिक" भन्नाले कुनै पनि व्यक्तिलाई स्वास्थ्य सम्बन्धी जाँच गर्ने, उपचार सम्बन्धी आवश्यक परामर्श, एक स्थानबाट पाँचवटा भन्दा कम सेवा जस्तै बहिरङ्ग सेवा, प्रयोगशाला, रेडियो ईमेजिङ्ग, फिजियोथेरापी, खोप सेवा, परिवार नियोजन जस्ता सेवा उपलब्ध गराउनका लागि प्रचलित कानून बमोजिम दर्ता भएका संस्थालाई सम्झनु पर्छ र सोशब्दलेनिजी क्लिनिक, आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा समेतलाई जनाउँदछ ।

(फ) "स्वास्थ्य संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल, पोली क्लिनिक, स्वास्थ्य क्लिनिक, प्रयोगशाला जस्ता सेवाहरु सञ्चालन गर्ने संस्था सम्झनुपर्छ र सोशब्दले आयुर्वेद अस्पताल समेतलाई जनाउँछ ।

## परिच्छेद २

## स्वास्थ्य सेवा सञ्चालन अनुमति प्रक्रिया

**३. स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्ने निकायहरुः** (१) देहाय बमोजिमका स्वास्थ्य संस्थाको स्थापना, सेवा विस्तार वा स्तरोन्नति गर्न देहायका निकायले अनुमति दिन सक्नेछः–

(क) स्वास्थ्य क्लिनिक, डाईग्नोष्टिक सेन्टर, पोली क्लिनिक तथा पच्चीस शैया सम्मका जनरल अस्पतालका लागि कार्यपालिकाको निर्णय अनुसार ।

(ख) आयुर्वेद तथा अन्य वैकल्पिक चिकित्सासँग सम्बन्धित स्वास्थ्य संस्थाहरुका हकमा दश शैयासम्मका अस्पतालका लागि कार्यपालिकाको निर्णय अनुसार।

(ग) पच्चीस शैया देखि माथिका अस्पतालहरु र विशेषज्ञ अस्पताल दर्ता गर्नको लागि सम्बन्धित नगरपालिकाको कार्यपालिकाको सिफारिसमा प्रादेशिक स्वास्थ्य संरचना वा मन्त्रालयबाट ।

(घ) कार्यपालिकाको कार्यालयमा स्वास्थ्य संस्था दर्ता वा स्तरोन्नती भए पछि सोको विवरण तोकिएको ढाँचामा प्रादेशिक स्वास्थ्य संरचनालाई दिनु पर्ने छ ।

४. **पूर्वाधार निर्माण मनसाय पत्रका लागि निवेदन दिनु पर्नेः** (१) यस निर्देशिका बमोजिम स्वास्थ्य संस्थाको स्थापना, स्वास्थ्य सेवा विस्तार वा स्तरोन्नति गरी स्वास्थ्य सेवा सञ्चालन गर्न इच्छुक स्वास्थ्य संस्थाले आवश्यक पूर्वाधार निर्माण गर्ने प्रयोजनका लागि ***अनुसूची–३*** बमोजिमका ढाँचामा मनसाय पत्रका लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा नगरकार्यपालिकाको कार्यालयले निवेदन प्राप्त भएको पन्ध्र कार्यदिन भित्र देहायको विवरणहरू परीक्षण गर्ने प्रयोजनका लागि अनुगमन समिति खटाउन सक्नेछ ।

(क) प्रस्तावित स्वास्थ्य संस्थाको व्यावसायिक कार्य योजना,

(ख) प्रस्तावित स्वास्थ्य संस्था रहने स्थानको उपयुक्तता र जग्गाको पर्याप्तता,

(ग) प्रारम्भिक वातवारणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन,

(घ) प्रस्तावित स्वास्थ्य संस्थालेसेवा  पुर्याउने क्षेत्र, सो क्षेत्रको जनसंख्या/जनघनत्व,

(ङ) प्रस्तावित स्वास्थ्य संस्थाले सेवा पुर्याउने क्षेत्रमा अन्य अस्पतालहरुको अवस्थिति र प्रस्तावित अस्पतालले  पुर्याउने थप योगदान,

(३) अनुगमन समितिले उपदफा (२) मा उल्लिखित विषयहरुको विश्लेषण गरी स्पष्ट राय सहितको प्रतिवेदन तीस कार्य दिन भित्र नगर कार्यपालिकाको कार्यालय समक्ष पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमका प्रतिवेदन प्राप्त भएपछि सो प्रतिवेदनको आधारमा पूर्वाधार निर्माणका लागि अनुमति दिन उपयुक्त हुने देखिएमा प्रतिवेदन प्राप्त भएको मितिले पन्ध्र कार्य दिनभित्र अनुमति प्रदान गर्न निकायले बढीमा तीन वर्षसम्मको समयावधि दिई पूर्वाधार निर्माणका लागि निवेदकलाई मनसायपत्र (Letter of Intent) प्रदान गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको अवधिभित्र मनासिव कारण परी पूर्वाधार निर्माण गर्न नसकेको भनी समयावधि थपका लागि सम्बन्धित अस्पताल वा स्वास्थ्य संस्थाले अनुरोध गरेमा अनुमति प्रदान गर्ने निकायले त्यस्ता अस्पताललाई बढीमा दुई वर्षमा नबढ्ने गरी पूर्वाधार निर्माणका लागि समयावधि थप गर्न सक्नेछ ।

५. **सञ्चालन अनुमति दिन सकिनेः** (१) दफा ४ बमोजिम पूर्वाधार निर्माण कार्य सम्पन्न भए पछि सो पूर्वाधार तयार भएको व्यहोरा सहित सम्बन्धित स्वास्थ्य संस्थाले सेवा सञ्चालन गर्ने आवश्यक कागजातहरु संलग्न गरी ***अनुसूची–४*** बमोजिमको ढाँचामा नगर कार्यपालिकाको कार्यालय समक्ष निवेदन दिन सक्नेछ ।

तर स्वास्थ्य क्लिनिक, रेडियो ईमेजिङ सेवा तथा पोलि क्लिनिक स्थापना तथा सञ्चालन अनुमतिका लागि ***अनुसूची–५*** बमोजिमका ढाँचामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा नगर कार्यपालिकाको कार्यालयले निवेदन प्राप्त गरेको मितिले सात दिन भित्र अनुगमन समिति खटाउनु पर्ने छ ।

(३) उपदफा (२) बमोजिम खटिएको अनुगमन समितिले पन्ध्र कार्य दिन भित्र स्थलगत निरीक्षण गरी स्वास्थ्य सेवा सञ्चालन गर्न

अनुमति प्रदान गर्न उपयुक्त भए नभएको राय सहितको प्रतिवेदन नगर कार्यपालिकाको कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम अनुगमन समितिको प्रतिवेदनको आधार र यस निर्देशिकामा उल्लिखित अन्य मापदण्ड पूरा गरेका स्वास्थ्य संस्थालाई नगर कार्यपालिकाको कार्यालयले पाँच वर्षका लागि स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।अनुमति पत्र *अनुसूची ८* बमोजिमको हुनेछ ।

(५) यस दफा बमोजिम स्वास्थ्य संस्थालाई स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति दिने नदिने सम्बन्धमा उपदफा (३) बमोजिम अनुगमन समितिको प्रतिवेदन प्राप्त भएको मितिले सात कार्य दिन भित्र निर्णय गरी सक्नु पर्नेछ र सोको जानकारी सम्बन्धित संस्थालाई दिनुपर्नेछ ।

(६) यो निर्देशिका प्रारम्भ हुँदाका बखत संस्था दर्ता गर्ने निकायमा दर्ता भएको तर दफा (५) बमोजिम अनुमतिका लागि निवेदन नदिई सञ्चालन गरिरहेका स्वास्थ्य संस्थाले *अनुसूची–६* मा उल्लेख भए बमोजिमको दस्तुरको अतिरिक्त पाँच गुणा बढी दस्तुर लिई एक पटकको लागि निर्देशिका बमोजिमको प्रकृया पूरा गरी सञ्चालन अनुमति दिन सकिने छ ।

(७) यो निर्देशिका प्रारम्भ हुँदाका बखत संस्था दर्ता गर्ने निकायमा दर्ता भई अनुमतिको लागि निवेदन दिएका स्वास्थ्य संस्थाले *अनुसूची–६* मा उल्लेख भए बमोजिमको दस्तुरको अतिरिक्त तीन गुणा बढी दस्तुर बुझाएमा एक पटकको लागि निर्देशिका बमोजिमको प्रकृया पुरा गरी सञ्चालन अनुमति दिन सकिनेछ ।

(८) उपदफा (२) (३) र (५) बमाजिम तोकिएको म्याद भित्र नगर कार्यपालिकाको कार्यालय वा अनुगमन समितिले कार्य सम्पन्न नगरेमा अनुमतिका लागि निवेदन दिने स्वास्थ्य संस्थाले एक तह माथिल्लो निकायमा उजुर गर्न सक्ने छ । यसरी प्राप्त भएको उजुरी सम्बन्धमा सम्बन्धित माथिल्लो निकायले उपदफा (२), (३) र (५) मा तोकिएको म्यादमा नबढ्ने गरी शीघ्र अनुगमनको व्यवस्था मिलाई सञ्चालन अनुमतिको व्यवस्था गरिदिन सक्नेछ ।

६. **थप सेवा विस्तार गर्न वा शाखा स्थापना गर्न अनुमति लिनु पर्नेः** स्वास्थ्य संस्थाले आफूले सेवा सञ्चालन गर्न अनुमति पाएका सेवाको अतिरिक्त थप सेवा विस्तार गर्न वा शाखा स्थापना गरी सेवा सञ्चालन गर्न चाहेमा अनुमति प्रदान गर्ने निकायबाट यस निर्देशिका बमोजिमका प्रकृया पुरा गरी अनुमति प्राप्त गर्नु पर्नेछ ।

७. **पुनः अनुमति प्राप्त गर्न निवेदन दिनु पर्नेः** (१) यो निर्देशिका प्रारम्भ हुँदाका बखत सञ्चालन स्वीकृति लिएका स्वास्थ्य संस्थाले यस निर्देशिका बमोजिम तोकिएको पूर्वाधार तथा मापदण्ड कार्यान्वयन

प्रयोजनका लागि यो निर्देशिका प्रारम्भ भए पछि तोकिएको अवधि भित्र पूर्वाधार तयारी योजना (भवन प्रबलीकरण वा नयाँ निर्माण योजना) सहित नगर कार्यपालिकाको कार्यालय समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा नगर कार्यपालिकाको कार्यालयले त्यस्ता स्वास्थ्य संस्थालाई यस निर्देशिका बमोजिम तोकेको पूर्वाधार पुरा गर्नका लागि तीन वर्ष र मापदण्ड कायम गर्नका लागि एक बर्षको समयावधि दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम समयावधि थप भएका स्वास्थ्य संस्थाले प्रत्येक ६/६ महिनामा प्रगति प्रतिवेदन सम्बन्धित नगर कार्यपालिकाको कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

(४) प्रबलिकरण हुने अस्पताल वा नयाँ निर्माण गर्न अनुमति लिई साविकको भवनबाट सेवा दिईरहेका स्वास्थ्य संस्थाले निर्माण अवधि भरका लागि भवनको कारण वा अस्पतालको औजार उपकरणले हुन सक्ने दुर्घटनाको लागि शैया क्षमता बराबरका संख्यामा प्रति व्यक्ति पचास हजार रुपैया बराबरको सामुहिक दुर्घटना बीमाको व्यवस्था गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिमका प्रकृया पुरा गरेका स्वास्थ्य संस्थालाई दफा ५ बमोजिम स्वास्थ्य संस्था सञ्चालन गर्न अनुमति प्रदान गरिनेछ ।

(६) यस दफा बमोजिम अनुमतिका लागि निवेदन नदिने, निवेदन दिए पनि अनुमति नपाउने वा निर्धारित अबधि भित्र पूर्वाधार वा मापदण्ड कायम नगर्ने स्वास्थ्य संस्थाको अनुमति त्यस्तो कार्यपालिकाले रद्द गर्नेछ ।

८. **अनुमति दस्तुर बुझाउनु पर्नेः** स्वास्थ्य संस्थाको स्थापना, सेवा विस्तार वा स्तरोन्नति गर्न अनुमति प्राप्त भएमा सम्बन्धित स्वास्थ्य संस्थाले ***अनुसूची–६*** मा उल्लेख भए बमोजिमको अनुमति दस्तुर नगर कार्यपालिकाको कार्यालयलाई बुझाउनु पर्नेछ ।

९. **नविकरण गराउनु पर्नेः** (१) यस निर्देशिका बमोजिम स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त स्वास्थ्य संस्थाले सेवा सञ्चालन अनुमतिको अवधि समाप्त हुने मिति भित्र नगर कार्यपालिकाको कार्यालय समक्ष नविकरणका लागि निवदेन दिनु पर्नेछ । नगर कार्यपालिकाको कार्यालयले अनुमतिको अवधि समाप्त भएको मितिले तीन महिना भित्र आवश्यक जाँचबुझ गरी नविकरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा नगर कार्यपालिकाको कार्यालयले अनुसूची ६ मा उल्लेख भए

बमोजिमको दस्तुर लिई तीन वर्षका लागि स्वास्थ्य संस्थालाई सेवा सञ्चालन अनुमतिको नविकरण गरिदिन सक्नेछ । तर यो निर्देशिका प्रारम्भ हुनु अघि स्वास्थ्य संस्था सञ्चालन गर्ने अनुमति पाएका स्वास्थ्य संस्थाको हकमा त्यस्तो स्वास्थ्य संस्थाले यस निर्देशिका बमोजिम तोकिएको मापदण्ड तथा पूर्वाधार कायम नगरेसम्म तीन बर्षमा नबढाई प्रत्येक एक बर्षका लागि अनुमति नविकरण गरि दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमका अवधि भित्र मनासिब कारण परी निवेदन पेश गर्न नसकेको भनी कारण खुलाई थप तीन महिनाभित्र निवेदन पेश गरेमा दोब्बर नविकरण दस्तुर लिई सम्बन्धित निकायले सेवा सञ्चालन अनुमति नविकरण गरि दिन सक्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिमको अवधिभित्र नविकरणका लागि निवेदन पेश नगर्ने स्वास्थ्य संस्थाको सेवा सञ्चालन अनुमतिपत्र स्वतः खारेज हुनेछ र सोको जानकारी प्रादेशिक स्वास्थ्य संरचनामा समेत दिनु पर्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा उल्लेख गरिएको भएता पनि यो उपदफा प्रारम्भ हुँदाका बखतसम्म अनुमति नविकरण नगरेका स्वास्थ्य संस्थाले तोकिएको समयभित्र अनुमतिका लागि निवेदन दिएमा अनुसूची –६ मा उल्लेख भए बमोजिमको दस्तुरको

अतिरिक्त पाँच गुणा बढी नविकरण दस्तुर लिई एक पटकको लागि निर्देशिका बमोजिमको प्रकृया पुरा गरी त्यस्तो अनुमति नविकरण गरिदिन सकिनेछ ।

१०. **गुणस्तर तथा मापदण्ड अनुगमन सम्बन्धी व्यवस्थाः** (१) स्वास्थ्य संस्थाले आफूले प्रदान गरेका सेवाहरुको यस निर्देशिकामा उल्लिखित मापदण्ड बमोजिमको गुणस्तर भए नभएको सम्बन्धमा प्रत्येक बर्ष परीक्षण (स्वःमूल्याङ्कन) गराई सो को प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र नगर कार्यपालिकाको कार्यालय समक्ष अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई सो प्रतिवेदन पेश गर्न नगर कार्यपालिकाको कार्यालयले निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुमति प्रदान गर्ने निकाय, प्रादेशिक स्वास्थ्य संरचना र मन्त्रालयलले आवश्यकता अनुसार जोखिम, भौगोलिक अवस्थिति, बिरामीको चाप, शल्यक्रियाको संख्या, वित्तीय लगानीका आधारमा नमूना छनौट गरी स्वास्थ्य संस्थाले प्रदान गरेको सेवाको गुणस्तर तथा यस निर्देशिकाको मापदण्ड पुरा गरे नगरेको सम्बन्धमा निरीक्षण तथा अनुगमन गर्न वा गराउन सक्नेछ ।

(४) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएका भए तापनि प्रादेशिक स्वास्थ्य संरचना तथा मन्त्रालयले जुनसुकै निकायबाट सेवा सञ्चालन अनुमति प्राप्त गरेको अस्पताल वा स्वास्थ्य संस्था र अनुमति प्रदान गर्ने निकायको समेत अनुगमन गर्न सक्नेछ ।

(५) उपदफा (३) वा (४) बमोजिम नियमित वा आकस्मिक अनुगमन गर्दा तोकिएका गुणस्तर वा पूर्वाधार पूरा नगरी सेवा सञ्चालन गरेको पाईएमा त्यस्ता संस्थालाई तत्काल सुधारका लागि बढीमा तीन महिनाको म्याद दिई सुधारको मौका दिन सकिनेछ ।

(६) यस दफा बमोजिम निरीक्षण तथा अनुगमनका क्रममा दिएको निर्देशन पालना नगर्ने, यस निर्देशिका बमोजिमका गुणस्तर तथा पूर्वाधार मापदण्ड पूरा नगर्ने वा गुणस्तर परीक्षणको वार्षिक प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई सम्बन्धित अनुमति प्रदान गर्ने निकायले त्यस्ता स्वास्थ्य संस्थाले प्रदान गरी आएको सेवा पूर्ण वा आंशिक रुपमा तत्काल बन्द गर्न आदेश दिन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम स्वास्थ्य संस्थालाई कारबाही गर्नु पूर्व सम्बन्धित स्वास्थ्य संस्थालाई मनासिब माफिकको सफाइ पेश गर्न मौका दिनुपर्नेछ ।

(८) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएका भए तापनि अन्य प्रचलित कानून बमोजिम गरिने अनुगमनलाई यो व्यवस्थाले सीमित गर्ने छैन ।

(९) स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी अनुमति लिने प्रक्रिया प्रारम्भ नगरेका स्वास्थ्य संस्थामा कुनै पनि चिकत्सक, नर्स, वा स्वास्थ्यकर्मीले क्लिनिकल प्राक्टिस गर्न पाउने छैन । कुनै चिकित्सक, नर्स वा स्वास्थ्यकर्मीले त्यस्तो संस्थामा क्लिनिकल प्राक्टिस गरेमा निजलाई कारवाहीको लागि सम्बन्धित परिषदमा लेखी पठाईने छ ।

**११. निवेदन दिन सक्नेः** (१) दफा १० को उपदफा (७) बमोजिम दिएका आदेश वा अनुगमन समितिले यस निर्देशिका बमोजिम पेश गरेको अनुगमन प्रतिवेदन उपर चित्त नबुझ्ने स्वास्थ्य संस्थाले त्यस्तो प्रतिवेदन पेश भएको मितिले १५ दिन भित्र चित्त नबुझ्नुको स्पष्ट आधार र कारण सहित पुनराबलोकनको लागि प्रादेशिक स्वास्थ्य संरचना समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन उपर नगर कार्यपालिकाको कार्यालयको प्रतिकृया समेत लिई प्रादेशिक स्वास्थ्य संरचनाले छानविन गरी यथाशीघ्र निर्णय गर्नेछ र सो सम्बन्धमा प्रादेशिक स्वास्थ्य संरचनाले गरेको निर्णय अन्तिम हुनेछ।

**१२. स्वास्थ्य संस्था गाभिई सेवा सञ्चालन गर्न सक्नेः** स्वास्थ्य सेवालाई गुणस्तरीय, प्रभावकारी तथा सुविधायुक्त बनाउन सञ्चालनमा रहेका एक भन्दा वढी स्वास्थ्य संस्थाहरु एक आपसमा गाभिई सेवा सञ्चालन गर्न चाहेमा सेवा सञ्चालन गर्न नगर कार्यपालिकाको कार्यालयको समक्ष त्यस्ता स्वास्थ्य संस्थाहरुले संयुक्त रुपमा निवेदन दिन सक्नेछन् ।

**१३. अनुमति खारेजी तथा कारवाही सम्बन्धि ब्यवस्थाः** (१) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि नगर कार्यपालिकाको कार्यालयले स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी अनुमति लिन वा अनुमति नविकरण गर्नको लागि एक पटकको लागि निश्चित समय अवधि दिई सार्वजनिक सूचना प्रकाशन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र स्वास्थ्य संस्था सञ्चालन सम्बन्धी अनुमति नलिने स्वास्थ्य संस्थाको र दफा ९ को उपदफा (५) बमोजिमको अवधिभित्र अनुमति नविकरण नगर्ने स्वास्थ्य संस्थाको अनुमति स्वतः खारेज हुनेछ ।

## परिच्छेद ३

## स्वास्थ्य सेवा सञ्चालन तथा गुणस्तर सम्बन्धी व्यवस्था

**१४. स्वास्थ्य सेवा सञ्चालनः** (१) यस निर्देशिका बमोजिम अनुमति नलिई कसैले पनि स्वास्थ्य सेवा सञ्चालन गर्नु हुदैन ।

(२) कसैले यस निर्देशिका बमोजिम अनुमति नलिई स्वास्थ्य सेवा सञ्चालन गरेको पाइएमा सो कार्य रोक्न तथा त्यस्तो स्वास्थ्य संस्था आवश्यक कानूनी कारवाहीको लागि गह मन्त्रालय मार्फत वा सोझै सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा लेखी पठाउनेछ र त्यस्ता संस्थाका सञ्चालक भविष्यमा स्वास्थ्य संस्था सञ्चालन अनुमति प्रदान नगर्ने गरी अभिलेख समेत राखिनेछ ।

(३) स्वास्थ्य संस्थाले आफनो उद्देश्य र क्षमता अनुसार अनुमति प्रदान गर्ने निकायबाट अनुमति लिई देहायका सेवाको समुचित व्यवस्था गरी स्वास्थ्य सेवा सञ्चालन गर्न सक्नेछः–

(क) आकस्मिक सेवा,

(ख) बहिरंग सेवा,

(ग) अन्तरंग सेवा,

(घ) निदानात्मक सेवा (प्रयोगशाला, रेडियो ईमेजिङ आदि),

(ङ) शल्यक्रिया सेवा,

(च) सघन उपचार सेवा,

(छ) प्रबर्द्धनात्मक तथा प्रतिरोधात्मक सेवा,

(ज) विशेषज्ञ सेवा,

(झ) फार्मेसी सेवा,

(ञ) रक्त सञ्चार सेवा,

(ट) फिजियोथेरापी सेवा,

(ठ) शवगृह व्यवस्था,

(ड) अस्पताल व्यवस्थापन,

(ढ) वातावरण व्यवस्थापन,

(ण) स्वास्थ्य संस्थाबाट निष्काशित फोहरमैला व्यवस्थापन ।

**१५. गुणस्तर सुनिश्चितता सम्बन्धी मापदण्डः** (१) स्वास्थ्य संस्थाले दफा ३ बमोजिमका स्वास्थ्य सेवा सञ्चालन गर्दा देहायको गुणस्तरको सुनिश्चितता गर्नुका साथै देहायका उल्लिखित मापदण्डहरुको समेत पालना गरेको हुनु पर्नेछः–

(क) बहिरंग विभागमा आउने बिरामीको चापका आधारमा बिरामी दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरु र औषधी कक्षमा छिटो छरितो सेवा दिने व्यवस्था मिलाउनु पर्नेछ ।

(ख) स्वास्थ्य संस्थामा नेपाल सरकारलेनिर्धारण गरेको मापदण्ड बमोजिम संक्रमण नियन्त्रण (Infection Prevention) को व्यवस्था हुनु पर्नेछ र सो को नियमित र प्रभावकारी अनुगमन गर्नु पर्नेछ ।

(ग) स्वास्थ्य संस्थाले विभिन्न ईकाईबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरु स्तरीय रुपमा सञ्चालन गर्न कार्यसञ्चालन निर्देशिका (Standard Operating Manual) तयार गरी लागु गर्नु पर्नेछ ।

(घ) स्वास्थ्य संस्थाले बहिरङ्ग सेवा प्रदान गर्ने चिकित्सकहरु उपलब्ध हुने समय तालिका (दिन र बार खुल्ने गरी) सबैले देख्ने ठाउँमा राखिएको हुनु पर्नेछ ।

(ङ) स्वास्थ्य संस्थाले उपलब्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्बन्धित बिशेषज्ञ चिकित्सकबाट प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(च) बिरामीले आफूले सेवा लिन चाहेको चिकित्सकबाट सेवा लिन पाउने व्यवस्था सुनिश्चित गर्नु पर्नेछ ।

(छ) बिरामी वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धतिबारे स्पष्ट जानकारी दिने व्यवस्था हुनुपर्नेछ ।

(ज) अस्पताल परिसर तथा सेवा दिने कक्षहरु नियमित रुपमा सफा सुग्घर राखिएको हुनुपर्नेछ।

(झ) सबैले देख्ने स्थानमा उजुरी पेटिका राखिएको हुनु पर्नेछ ।

(ञ) जनगुनासो व्यवस्थापनका लागि गुनासो सुन्ने अधिकारी तोकी जनगुनासो तथा पर्न आएका उजुरी समाधान गर्ने व्यवस्था

मिलाएको हुनु पर्नेछ । साथै समाधान हुन नसक्ने भएमा सो को कारण सम्बन्धित व्यक्तिलाई जानकारी गराउनु पर्नेछ ।

(ट) बिरामीले संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रकृया तथा अवधि समेत खुलाएको बिरामी बडापत्र (Patient Chater) अस्पतालमा नेपाल सरकारले *अनुसूची–७* ढाँचामा तयार गरी सबैले देखिने गरी राख्नु पर्नेछ र सोही अनुरुप सेवाको सुनिश्चितता गर्नु पर्नेछ ।

(ठ) अस्पतालमा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिन व्यवस्था गरेको हुनु पर्नेछ ।

(ड) सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको सुरक्षाका लागि विभिन्न सरुवा रोग विरुद्धका खोप तथा व्यक्तिगत सुरक्षा व्यवस्था गरेको हुनु पर्नेछ ।

(ढ) हरेक स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको सेवा शर्त सम्बन्धी विनियम बनाएको हुनु पर्नेछ ।

(ण) स्वास्थ्य संस्थाले नेपाल सरकारबाट सञ्चालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारले तोकेका प्रोटोकल/मापदण्ड/निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनु पर्नेछ ।

(त) अस्पतालले चौबीसै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मीबाट आकस्मिक सेवा दिएको हुनु पर्नेछ ।

(थ) अस्पतालमा रहेको आकस्मिक शैया क्षमताको आधारमा चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीको व्यवस्था गरेको हुनु पर्नेछ र सो को विवरण *अनुसुची–८* बमोजिमको ढाँचामा सबैले देख्ने ठाउँमा राख्नु पर्नेछ ।

(द) आकस्मिक विभागवाट बिरामी भर्ना गर्ने, रिफर गर्ने, बिरामीको रेफरल प्रकृया र बिरामी सार्ने पद्धति स्पष्ट परिभाषित भएको हुन पर्नेछ र सो को व्यवहोरा बमोजिमको ढाँचामा सबैले देख्ने ठाउँमा राख्नु पर्नेछ ।

(ध) अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, बेवारिसे बिरामीका लागि कुल शैयाको दश प्रतिशत शैया छुट्याई निःशुल्क उपचार अनिवार्य रुपमा उपलब्ध गराउनुपर्नेछ ।

(न) खण्ड (ध) बमोजिम उपलब्ध गराएका उपचार सेवाको अभिलेख राखी सोको प्रतिवेदन सम्बन्धित पालिकाको कार्यालयमा नियमित रुपमा पठाउनु पर्नेछ ।

(प) अस्पतालहरुमा ज्येष्ठ नागरिकहरुलाई विशेष किसिमका सुविधाका व्यवस्था हुनु पर्ने र आवश्यक मात्रामा शैया छुटयाउनु पर्नेछ ।

(फ) स्वास्थ्य संस्था सञ्चालन गरिने भवन र अन्य पूर्वाधार भवन संहिता र सम्बन्धित क्षेत्र भवन निर्माण सम्बन्धी मापदण्ड अनुरुप हुनु पर्नेछ ।

(ब) अस्पतालले विपद् व्यवस्थापनको कार्ययोजना बनाएको हुनुपर्नेछ। सो कार्यका लागि सम्पर्क व्यक्ति तोकी सोको जानकारी सम्बन्धित पालिकाको कार्यालय र जिल्ला समन्वय समितिमा दिनु पर्नेछ ।

(भ) अस्पतालले सूचना अधिकारी तोक्नु पर्नेछ ।

## परिच्छेद ४

## अस्पताल सम्बन्धी मापदण्डहरू

१६. **अस्पतालको पूर्वाधार सम्बन्धी मापदण्डहरुः** (१) अस्पतालले सेवा सञ्चालन गर्दा देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गरेको हुनु पर्नेछ :-

(क) अस्पताल रहने स्थान धुँवा, धुलो, ध्वनि, जल तथा जमिन प्रदूषणबाट मुक्त भएको ।

(ख) अस्पताल रहने क्षेत्र र हाताभित्र उपयुक्त सुरक्षाको व्यवस्था भएको ।

(ग) अस्पताल स्थापना हुने स्थान सडक यातायातको पहुँच भएको ।

(घ) पानी, विजुली र सञ्चार सुविधा उपलब्ध भएको ।

(ङ) सवारी साधन पार्किङका लागि पर्याप्त व्यवस्था भएको ।

(च) अस्पताल परिसरमा स्वस्थकर वातावरणका लागि वृक्षारोपण तथा वगैचाको व्यवस्था भएको।

(छ) जोखिमपूर्ण फोहर व्यवस्थापनका लागि उपयुक्त प्रविधिको व्यवस्था गर्नुका साथै फोहरमैला व्यवस्थापन ऐन, २०६८ र फोहरमैला व्यवस्थापन नियमावली, २०७० बमोजिम फोहर व्यवस्थापनका लागि आवश्यक पूर्वाधार व्यवस्था मिलाएको ।

(२) आकस्मिक सेवाका लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हुनुपर्नेछः-

(क) कुल शैया क्षमताको कम्तिमा दश प्रतिशतका दरले आकस्मिक कक्षमा शैयाहरू उपलब्ध हुनु पर्नेछ। आकस्मिक सेवाका लागि छुट्याएको शैयालाई देहाय अनुरुप वर्गीकरण गरी सेवा दिने व्यवस्था मिलाउनु पर्नेछ :-

(१) Red (R) = अति सिकिस्त बिरामीको सेवा दिने शैया बरावर एक प्रतिशत,

(२) Yellow (Y) = सिकिस्त बिरामीको सेवा दिने शैया बराबर दुई प्रतिशत,

(३) Green (G) = सामान्य विरामीको सेवा दिने शैया बराबर तीन प्रतिशत,

(४) Black (B) = मृत्यु भईसकेका विरामीलाई राख्ने शैया बराबर एक प्रतिशत,

(५) Observation Room/Bed बराबर तीन प्रतिशत,

दश प्रतिशत भन्दा बढी शैया छुट्याएको सन्दर्भमा माथि उल्लेख भएका वर्गीकरणको अनुपातमा शैयाको बाँडफाँड हुनु पर्नेछ ।

(ख) आकस्मिक कक्ष सञ्चालन गर्दा अल्ट्रासाउण्ड, एक्सरे इमेजिङ सेवा, प्रयोगशाला, ओ.पी.डी., ओ.टी. तथा अन्य वार्डहरूमा समेत सजिलै विरामी ल्याउन लैजान सकिने ( व्हिलचेर/ट्रली, स्टेचर) गरी सञ्चालनमा ल्याएको हुनु पर्नेछ ।

(ग) आकस्मिक कक्षमा प्रतिक्षालय, शौचालय, ट्रायज रूम (Triage Room) चेन्जिङ्ग रुम, Medico-legal Case जस्तै Rape victim आदिको लागि गोपनियता सुनिश्चित हुने कोठाको समेत व्यवस्था भएको हुनु पर्नेछ ।

(घ) चौवीसै घण्टा आकस्मिक सेवा दिने व्यवस्था मिलाएको हुनु पर्नेछ ।

(ङ) पच्चीस शैया क्षमताका अस्पतालमा आकस्मिक सेवाका लागि दक्ष स्वास्थ्यकर्मी चौबीसै घण्टा र चिकित्सक अनकल (on call) मा उपलब्ध हुने व्यवस्था हुनु पर्नेछ ।

(च) आकस्मिक विभागवाट बिरामी भर्ना गर्न, रिफर गर्ने बिरामीको रेफरल प्रकृया तथा विरामी सार्ने पद्धति स्पष्टरुपमा परिभाषित रहेको हुनु पर्नेछ ।

(छ) प्रकोपजन्य रोगहरु, प्राकृक्तिक प्रकोप जस्ता पक्षहरुलाई विचार गरी आकस्मिक उपचार सेवाका लागि संस्थाले विपत व्यवस्थापन योजना बनाएको हुनु पर्नेछ ।

(ज) आकस्मिक सेवामा काम गर्ने जनशक्ति कम्तिमा Basic Life Support (BLS)/Primary Trauma Care (PTC)/Advance Cardiac Life Support (ACLS)/ Advance Trauma Life Support (ATLS) आदि सम्बन्धी तालिम लिएको हुनु पर्नेछ ।

(३) बहिरंग विभागका लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हुनु पर्नेछ :-

(क) अस्पतालवाट प्रदान हुने प्रत्येक विशेषज्ञ सेवाका लागि ओ.पी.डी. कक्षको व्यवस्था मिलाएको ।

(ख) अस्पतालका लागि सामान्यतया सामान्य चिकित्सा, वालरोग, सामान्य शल्यक्रिया, स्वी तथा प्रसुती सेवा हुनुपर्ने तथा

पूर्वाधार पूरा गरी हाड जोर्नी, नाक कान घाँटी, छाला तथा यौनरोग, आँखा, दन्त सेवा जस्ता सेवाको लागि स्वेच्छिक रुपमा सञ्चालन गर्न सक्ने ।

(ग) उपलब्ध भएका चिकित्सकहरु मध्ये सेवाग्राहीले उपलब्ध भएसम्म रोजेको चिकित्सकसँग परीक्षण गर्न पाउने व्यवस्था भएको ।

(४) अन्तरंग विभागका लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हुनु पर्नेछः-

(क) अस्पतालमा शल्यक्रिया पश्चात पनि विरामीको अवस्था स्थिर नभएसम्म उक्त शल्यक्रिया गर्ने समूह तथा सर्जन चिकित्सक र एनेस्थेसियोलोजिष्ट अस्पतालमा रहिरहनु पर्ने र तत्पश्चात पनि सर्जरीको प्रकृति हेरी आवश्यक परेको खण्डमा तत्काल उपलब्ध हुने व्यवस्था मिलाउनु पर्ने ।

(ख) नर्सिङ्ग ड्यूटी स्टेशनबाट प्रत्येक विरामीको प्रत्यक्ष निगरानी हुने व्यवस्था गर्नु पर्ने । उक्त सुविधा नभएमा प्रत्येक विरामीको शैयामा कल बेल राख्नु पर्ने ।

(५) एलाईड हेल्थ तथा निदानात्मक सेवाका लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गरेको हुनु पर्नेछ :-

(क) प्रत्येक किसिमका परीक्षणको लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला नीति अनुरुपको प्रयोगशालाको व्यवस्था भएको हुनु पर्ने ।

(ख) रेडियो डाइग्नोसिस, अल्ट्रासाउण्ड, एक्सरे फिल्म लोडिङ, अनलोडिङ तथा प्रोसेसिङ लगायतका इमेजिङ सेवा कक्षहरू ओ.पी.डी., ओ.टी. तथा वार्डहरूलाई समेत सजिलै बिरामी ल्याउन लैजान सकिने (व्हीलचेयर ट्रली, स्टेचर) गरी संचालनमा ल्याएको हुनुपर्ने ।

(ग) यस्ता सेवा प्रदान गरिने कोठाहरूमा प्रतिक्षालय, शौचालय, चेन्जिङ रुमको समेत व्यवस्था भएको हुनु पर्ने ।

(६) शल्यक्रिया गर्ने स्वास्थ्य संस्थामा सेवाको प्रकार हेरी पाँचदेखि दश प्रतिशत सघन उपचार सेवाका High dependency Unit र आई. सि. यु. शैयाहरु रहनु पर्नेछ ।

(७) अस्पतालमा पोषण, खोप, आमा र बच्चाको स्वास्थ्य, परिवार नियोजन जस्ता सेवाहरुको नेपाल सरकारको नीति बमोजिम प्रवर्द्धनात्मक तथा प्रतिरोधात्मक सेवा उपलब्ध हुनु पर्नेछ।

(८) अस्पतालमा कम्तीमा बच्चा तथा आमाको लागि विशेषज्ञ सेवा र विशेषज्ञ अस्पतालमा सो अस्पतालको प्रकृति अनुसारको विशेषज्ञ सेवा उपलब्ध गराउनु पर्नेछ ।

(९) औषधि पसल (Pharmacy) का लागि देहाय बमोजिमको पूर्वाधार मापदण्ड पुरा गरेको हुनु पर्नेछ :-

(क) अस्पताल हाता भित्र औषधि पसलको व्यवस्था अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७० बमोजिम गर्नु पर्नेछ ।

(ख) चौविसै घण्टा फार्मेसी सञ्चालनका लागि फार्मेसी विषय अध्ययन गरेको दक्ष जनशक्तिको व्यवस्था हुनु पर्नेछ ।

(ग) फार्मेसी कक्षमा औषधिको गुणस्तरमा ह्रास नहुने गरी सुरक्षित भण्डारण गर्ने व्यवस्था मिलाउनु पर्ने । साथै ताप संवेदनशील औषधि तथा भ्याक्सिनको भण्डारण तोकिएको तापक्रममा भण्डारण हुनुपर्ने ।

(घ) उपचारमा प्रयोग गरिने लागू औषधीहरु (Narcotic drugs) लागू औषध (नियन्त्रण) ऐन, २०३३ वमोजिम स्वास्थ्य संस्थाले चिकित्सकको लिखित प्रेस्कीप्सन अनुसार मात्र वितरण गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ । साथै औषधिको आम्दानी तथा वितरणको अभिलेख राख्नु पर्नेछ।

(ङ) म्याद नाघेका औषधिहरु नियमित रुपमा नेपाल स्वास्थ्य अनुसन्धान परिषदको Hospital Waste Management Guideline मा उल्लेख भएकोमा सोही बमोजिम र नभएको

खण्डमा विश्व स्वास्थ्य संगठनको निर्देशिका बमोजिमको विधि अपनाई नष्ट गर्नु पर्नेछ ।

(च) आकस्मिक सेवाका लागि चाहिने आवश्यक औषधिहरु चौविसै घण्टा उपलब्ध हुने व्यवस्था हुनु पर्ने ।

(छ) अस्पतालले बाह्य व्यक्ति वा संस्थालाई फार्मेसी सेवा संचालन गर्न दिएको अवस्थामा सो व्यक्ति वा संस्थाले पनि अस्पतालले पालना गर्नुपर्ने माथि उल्लेख भएका सम्पूर्ण शर्तहरु अनिवार्य रुपमा पालना गर्ने व्यवस्था मिलाएको हुनु पर्ने ।

(ज) औषधीको खुद्रा मूल्यमा छुटको व्यवस्था भएमा सबैले देख्ने गरी सूचना टाँस गर्नुपर्नेछ।

(झ) भवन संहितामा उल्लेखित मापदण्ड अनुरुप औषधि पसल सञ्चालन हुने भवन निर्माण भएको हुनु पर्ने ।

(१०) रक्त सञ्चार सेवा (Blood Bank) का लागि देहाय वमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हुनु पर्नेछ :-

(क) अस्पताल हातामा ब्लड बैंकको व्यवस्था भएको हुनुपर्ने। सो नभएमा विरामीको लागि आवश्यक पर्ने ब्लड उपलब्ध हुने गरी व्यवस्था मिलाइएको हुनु पर्ने ।

(ख) ब्लड बैंकको सम्बन्धमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला नीति अनुरुपको व्यवस्था भएको हुनु पर्ने ।

(११) अस्पतालमा रहेका बिरामी तथा अन्य सेवाग्राहीलाई असहज नहुने गरी अलग्गै चिस्यान कक्ष वा शवगृहको व्यवस्था भएको हुनु पर्नेछ ।

(१२) अस्पताल व्यवस्थापन (Hospital Management) का लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गरेको हुनु पर्नेछ :-

(क) सोधपुछ तथा गुनासो सुनुवाई कक्ष :

(१) सेवाग्राहीहरूको सुविधाको लागि आवश्यक कर्मचारी सहितको सोधपूछ कक्षको व्यवस्था हुनुपर्ने ।

(२) अस्पतालले प्रदान गर्ने सेवाका विषयमा सेवाग्राहीको गुनासो सुनुवाइ गर्ने उचित प्रवन्ध मिलाइएको हुनु पर्ने।

(ख) सूचना संप्रेषण :

(१) अस्पतालभित्र प्रभावकारी सूचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोन कल (Intercom) को

व्यवस्थाका साथै आवश्यक आधुनिक संयन्त्रको समुचित प्रयोग हुनुपर्ने ।

(२) अस्पतालहरुमा सार्वजनिक संचार सेवाको व्यवस्था हुनुपर्ने ।

(३) प्रहरी, एम्बुलेन्स, दमकल जस्ता सेवा लगायतका आकस्मिक सेवाका टेलिफोन नम्बरहरु स्पष्ट देखिने गरी राख्नु पर्ने ।

(ग) पानी वितरण :

(१) अस्पतालमा बिरामी र अन्य व्यक्तिहरुका लागि चौबीसै घण्टा शुद्ध पानी विश्व स्वास्थ्य संघले तोके अनुरुपको आपूर्ति हुनु पर्ने ।

(२) अस्पतालद्वारा वितरण हुने पानीको गुणस्तर परिक्षण ४/४ महिनामा गराई अभिलेख राखिएको हुनुपर्ने । बहिरंग, नर्सिङ्ग कक्ष, अन्तरंग, अपरेशन थिएटर र आपतकालीन कक्षहरुमा पानी व्यवस्था हुनु पर्ने ।

(घ) विद्युत आपूर्ति :

(१) अस्पताल क्षेत्रभित्र र सबै विभागहरूमा चौबीसै घण्टा विद्युत आपूर्ति हुने व्यवस्था मिलाएको हुनुपर्ने। साथै

लोडसेडिङको समयमा विद्युत आपूर्ति गर्न अटोमेटिक ब्याक अप सिष्टम स्थापना गरेको हुनुपर्ने ।

(२) ओ.टी., आई.सि.यू., सि.सि.यू., इमर्जेन्सी कक्ष लगायतका संवेदनशील कक्षहरूमा आपतकालीन विद्युत व्याक-अप सिष्टम राखेको हुनुपर्ने ।

(ङ) सरसफाई तथा शौचालय व्यवस्थाः

(१) अस्पतालको सम्पूर्ण क्षेत्र सधै सफा राखु पर्नेछ ।

(२) अस्पतालमा देहाय बमोजिमको सेवा दिइने कक्षहरु वा क्लिनिकमा शौचालयको व्यवस्था हुनु पर्नेछ :-

(क) आकस्मिक कक्ष

(ख) लेवर रुम

(ग) प्याथोलोजी सेवा

(घ) बहिरंग विभाग (आवश्यकता अनुसार महिला र पुरुषका लागि अलग अलग।

(ङ) प्रति छ बेडको जनरल सेवामा एक

(च) महिला तथा अपाङगका लागि अलग्गै

(छ) क्याविन तथा डबल रुमका लागि (एटेच भएको)

(ज) डाक्टर तथा स्टाफका लागि (आवश्यकतानुसार।

(३) अस्पताल हाताभित्र सेवाग्राही तथा सेवाप्रदायकका लागि पर्याप्त पानी र साबुन सहितको शौचालयको व्यवस्था हुनु पर्नेछ ।

(४) शौचालय सधैं सफा राख्ने व्यवस्था गरेको हुनु पर्नेछ ।

(च) मर्मत सम्भार व्यवस्था :

(१) अस्पतालले प्रयोग गर्ने उपकरण तथा औजारहरू समयमा नै मर्मतको व्यवस्था हुनु पर्नेछ। साथै ठूला र गम्भीर प्रकृतीका औजार उपकरणहरुको कम्पनीले निर्दिष्ट गरेको मर्मत अवधि अनुसार मर्मत सम्भार कार्ययोजना बनाई सोही अनुसार मर्मत गरेको हुनु पर्नेछ ।

(२) अस्पतालको भवन, सवारी साधन, मेसिनरी औजार, यन्त्र, उपकरण, विद्युतीय उपकरण र अन्य विद्युतीय उपकरणहरूको नियमित मर्मत संभार गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ ।

(छ) विरामी कुरुवालाई सुविधाः अस्पतालको वार्ड तथा अन्य उपचार दिने स्थानमा आवश्यकता अनुसार विरामीको साथमा रहने एक जना कुरुवालाई बस्न सक्ने प्रवन्ध हुनु पर्नेछ ।

(ज) क्यान्टिन सुविधाः स्वास्थ्य संस्था हाता भित्र खाना पकाउने (Kitchen) र खाना खाने (Dining) अलग-अलग ठाउँ सहितको सफा र सुविधायुक्त क्यान्टिनको व्यवस्था भएको हुनु पर्नेछ ।

(झ) लण्ड्री व्यवस्था :

(१) अस्पतालमा प्रयोग हुने एप्रोन, पन्जा, टोपी, जुत्ता, तन्ना, तकिया, खोल, रुमाल जस्ता लुगा कपडा धुनको लागि लण्ड्रीको व्यवस्था भएको हुनु पर्ने ।

(२) अस्पताल भर्ना भएका बिरामीको लुगा धुने सुविधाको व्यवस्था भएको हुनु पर्ने ।

(ञ) भण्डार (Store) व्यवस्थाः

(१) आपत्कालीन अवस्थामा प्रयोग हुने सामग्रीहरूको अलग्गै भण्डार कक्ष हुनुपर्ने । यस्तो भण्डारमा कम्तिमा एक महिनाको लागि अत्यावश्यक सामग्री स्टक राख्ने व्यवस्था हुनुपर्ने ।

(२) अस्पतालको लागि आवश्यक लत्ताकपडा, सरसफाइ सामग्री, औजार, उपकरण तथा औषधिको न्यूनतम मौज्दात रहनु पर्ने र सो सामग्रीहरुको उपयुक्त भण्डारणको (Refrigerator, Ventilation, A/C आदि) व्यवस्था गरेको हुनु पर्ने ।

(ट) सुरक्षा व्यवस्थाः

(१) अस्पतालमा सुरक्षा व्यवस्था मिलाउन सुरक्षा गार्डको व्यवस्था भएको हुनुपर्ने ।

(२) आपत्कालीन अवस्थाको लागि तत्काल सेवा प्रदान गर्न राज्यका सुरक्षा निकायसँग समन्वय कायम गर्ने व्यवस्था मिलाएको हुनुपर्ने।

(ठ) एम्बुलेन्स सञ्चालनः अस्पतालमा मेडिकल एटेण्डेण्ट सहितको १ वटा एम्बुलेन्स अनिवार्य हुनुपर्ने र अस्पतालले त्यस्ता मेडिकल एटेण्डेण्टलाई Basic Emergency Medicine Training दिने व्यवस्था मिलाउनुका साथै एम्बुलेन्स सेवा सञ्चालन नीति, २०६० वमोजिम एम्बुलेन्स सेवा संचालन गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ ।

(१४) स्थान तथा जग्गा पूर्वाधार :

(१) अस्पताल रहने स्थान (Location): अस्पताल रहने स्थान छनौट गर्दा पायक पर्ने गरी प्रदूषणमुक्त क्षेत्रको छनौट गर्न पर्नेछ । छनौट गरिएको स्थान त्यस्तै प्रकृतिको अस्पताल रहेको स्थानको कम्तिमा एक किलो मिटर टाढा हुनुपर्नेछ।

(२) अस्पतालभित्र प्रभावकारी सूचना सम्प्रेषपणका लागि आन्तरिक टेलिफोन कल (Intercom) को व्यवस्थाका साथै आवश्यक आधुनिक संयन्त्रको समुचित प्रयोग हुनुपर्ने । विशिष्ट प्रकृतिको बहुसेवा उपलब्ध गराउने अस्पताल, आयुर्वेद, होमीयोप्याथिक जस्ता फरक प्रकृक्तिका अस्पतालको हकमा र जनघनत्वको आधारमा अस्पतालको शैया आवश्यक देखिएमा यो बन्देज लागू हुनेछैन ।

(३) अस्पताल सञ्चालनको लागि आफ्नै स्वामित्वको पर्याप्त जग्गा हुनु पर्नेछ । आफ्नो जग्गा नभएको हकमा कम्तीमा पन्ध्र वर्षका लागि जग्गा भाडामा लिई सो जग्गामा पूर्वाधार निर्माण गरी सञ्चालनमा ल्याउन सक्नेछ

(४) आफ्नो जग्गा नभएका पच्चिस शैयाका अस्पतालले कम्तिमा पन्ध बर्षका लागि घर जग्गा भाडा (लिज) मा लिई सेवा सञ्चालन गर्न सक्नेछ । तर भाडामा लिईएको भवन, भवन संहिताका मापदण्ड अनुरुप निर्माण भएको हुनु पर्छ।

(५) शिक्षण अस्पतालको हकमा मेडिकल काउन्सिलको मापदण्ड अनुसार हुनु पर्नेछ।

(१५) अस्पतालको भवन (Building):

(क) अस्पताल सेवा सञ्चालन गरिने भवनको नक्सा र डिजाइन भवन ऐन, २०५५ को दफा ११ मा भएको व्यवस्था अनुरुप स्वीकृत भएको हुनु पर्नेछ । नेपाल सरकारले अस्पतालका सम्बन्धमा छुट्टै मापदण्ड तोकेको भएमा सोही बमोजिम भएको हुनु पर्नेछ । भवन संहिता तथा नगरपालिकाले जारी गरेको मापदण्ड बमोजिम सो भवन निर्माण भएको सहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालयवाट सिफारिस प्राप्त गरेको हुनु पर्नेछ ।

(ख) भवनमा सर्वसाधारणको जानकारीका लागि Disaster Management Plan तयार गरी सुरक्षा सम्बन्धी संकेत चिन्हहरु उपयुक्त स्थानमा प्रस्ट देखिने गरी राखिएको हुनु पर्नेछ ।

(ग) अस्पतालको कोठाहरु उपयुक्त भेन्टीलेसन वा वातानुकुलित यन्त्र राखिएको हुनु पर्नेछ ।

(घ) अस्पतालमा प्रशासनिक कार्यालय, ओ.पी.डी., प्रयोगशाला, वार्ड, फार्मेसी, क्यान्टिनको व्यवस्था हुनुपर्नेछ ।

(ङ) अस्पतालमा व्हिलचेयर तथा ट्रलिको सहज आवागमनको व्यवस्थाका लागि लिफ्ट/र्‌याम्पको व्यवस्था भएको हुनु पर्नेछ ।

(च) प्रतिक्षालयमा आवश्यकतानुसार बस्ने कुर्सीको व्यवस्था हुनुपर्ने र सूचना-पाटी, टेलिभिजन, पत्रपत्रिका लगायतका

माध्यमबाट सूचना प्रदान गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ ।

(छ) अस्पतालको कुल निर्माण क्षेत्रफल, प्रति शैया ५५ वर्ग मीटरका दरले हुनु पर्नेछ । उक्त क्षेत्र भित्र सोधपुछ, दर्ता कक्ष, प्रतिक्षालय, प्रवेशद्वार सहितको हलको क्षेत्र समावेश भएको हुनुपर्नेछ । सो बाहेक भान्सा घर, लुगाधुने कोठा, जेनरेटर कक्ष, कर्मचारी आवास तथा भण्डार कक्ष, मर्मत सम्भार कक्ष आदिका लागि थप व्यवस्था गरेको हुनु पर्नेछ ।

(ज) आफ्नो जग्गा नभएका पच्चीस शैयाका अस्पतालले घर जग्गा भाडामा लिई सेवा सञ्चालन गर्दा सो घर भूकम्पीय जोखिम प्रतिरोध क्षमता भएको भनि सहरी विकास तथा भवन विभाग/डिभिजन कार्यालयवाट प्रमाणित भएको हुनु पर्नेछ ।

(झ) बहिरंग विभागको प्रत्येक कोठाको क्षेत्रफल कम्तिमा चौध वर्ग मीटर हुनु पर्नेछ । शौचालय, प्रतिक्षालय, विशेषज्ञको सहयोगी रहने कक्षका लागि पर्याप्त स्थान हुनु पर्नेछ ।

(ञ) विरामीको चापको अनुपातमा पर्याप्त र सुविधाजनक हुने गरी फर्निचर सहितको प्रतिक्षालयको व्यवस्था भएको हुनुपर्नेछ ।

(ट) अस्पताल भित्र प्रवेश गर्ने र बाहिर निस्कने अलग-अलग प्रवेश द्वार र बहिर्गमन द्वार हुनुपर्नेछ ।

(ठ) आपतकालीन सेवाका लागि प्रयोग हुने सवारी साधनहरू अस्पतालको आपतकालीन कक्ष र अन्य अत्यावश्क ठाउँमा सहज रुपमा जान सक्ने गरी अलग्गै बाटो र गेटको व्यवस्था गरेको हुनुपर्नेछ ।

(ड) सेवाग्राही र अस्पताल कर्मचारीहरूले प्रयोग गर्ने सवारी साधन र एम्बुलेन्स दमकल जस्ता सवारी साधनका लागि पार्किङ्गको व्यवस्था हुनुपर्नेछ । न्यूनतम पार्किङ कूल जग्गाको पच्चीस प्रतिशत वा प्रति तीन शैयाका लागि एउटा कार पार्किङ गर्न मिल्ने स्थल मध्ये जुन बढी हुन्छ सोही अनुसार हुनु पर्नेछ ।

(ढ) अस्पताल जेष्ठ नागरिक, बालबालिका तथा अपांगमैत्री हुनु पर्नेछ ।

(ण) व्हिलचेयर, ट्रलि, स्टेचरको पर्याप्त व्यवस्था हुनु पर्ने र यस्ता सामग्री राख्ने ठाउँ र चलाउन सकिने पर्याप्त ठाँउ र चलाउने मानिसको समेत व्यवस्था भएको हुनु पर्नेछ।

(१६) फोहरमैला व्यवस्थापनका लागि देहाय बमोजिमको पूर्वाधार मापदण्ड पूरा गरेको हुनुपर्नेछः-

(क)अस्पतालबाट निष्काशित फोहरमैलाको व्यवस्थापन फोहरमैला व्यवस्थापन ऐन, २०६८ र फोहरमैला व्यवस्थापन नियमावली, २०७० ले तोके बमोजिम हुनुपर्ने।

(ख) अस्पतालवाट निस्कासन हुने सामान्य तथा चिकित्साजन्य फोहरमैला प्रकृति अनुसार स्रोतमै अलग अलग छुट्याउने, संकलन, ढुवानी तथा उचित विसर्जन गर्ने व्यवस्था मिलाउनु पर्ने ।

(ग) अस्पतालबाट सृजित संक्रमणजन्य फोहरलाई निःसंक्रमण गरेर अन्तिम व्यवस्थापन गर्नुपर्ने ।

(घ) अस्पतालमा मर्करीयुक्त उपकरणको सट्टा डिजीटल प्रविधियुक्त उपकरण प्रयोग गर्नु पर्नेछ ।

## परिच्छेद ५

## मानव संशाधन व्यवस्थापन

१८. **जनशक्ति विकास योजनाः** अस्पतालको शैया क्षमताका आधारमा देहाय बमोजिमका न्यूनतम जनशक्तिको व्यवस्था भएको हुनु पर्नेछः–

(क) प्रति पच्चीस शैयाका लागि एक जना एम.डी.जी.पी. चिकित्सक हुनुपर्नेछ । तर एम.डी.जी.पी. चिकित्सक नपाईने अवस्थामा पच्चीस शैयाका अस्पतालमा प्रसुती तथा स्त्री रोग विशेषज्ञ र बाल रोग विशेषज्ञ ।

(ख) शल्यक्रिया प्रदान गर्ने कक्षमा प्रति शैया कम्तीमा एक जना शल्यचिकित्सक, एक जना एनेस्थेटिक्स, एक जना ईन्चार्ज, एक जना शल्यक्रिया सहायक र एक जना नर्स ।

(ग) जनरल कक्ष (General Ward) मा प्रति चार देखि छ शैयामा एक जना स्टाफ नर्सको व्यवस्था भएको।

(घ) ईमर्जेन्सी तथा पोष्ट अपरेटिभ कक्ष (Post Operative Ward) मा प्रति दुई शैयामा एक जना नर्स ।

(ङ) सघन उपचार कक्ष (आई.सी.यू.,एन.आई.सी.यू, सी.सी.यू. आदि) मा प्रति शैयामा एक जना स्टाफ नर्सका व्यवस्था ।

(च) प्रसुती कक्षका लेवर वेडमा प्रति वेड दुई एस.वी.ए. (Skill Birth Attendants) तालिम प्राप्त नर्स वा मीडवाईफ्रीको व्यवस्था ।

(छ) अस्पतालमा कम्तीमा एक जना मेडिकल रेकर्डर ।

(ज) अस्पतालमा चौबीसै घण्टा सेवा उपलब्ध गराउने गरी फर्मासिष्ट लगायत आवश्यक संख्यामा जनशक्तिका व्यवस्था ।

(झ) अस्पतालमा कम्तीमा दुई तिहाइ पूर्णकालीन स्वास्थ्यकर्मी ।

(ञ) सरकारी स्वास्थ्यकर्मीहरुबाट सेवा लिनुपर्ने अवस्थामा सम्बन्धित निकायको स्वीकृति पत्र ।

(ट) हरेक स्वास्थ्यकर्मीले सम्बन्धित व्यवसायिक काउन्सिलवाट दर्ता नम्बर लिएको ।

(ठ) विदशी स्वास्थ्यकर्मी वा स्वयम् सेवकले मन्त्रालयको सिफारिसमा सम्बन्धित काउन्सिलवाट स्वीकृति लिएको।

**१९. जनशक्ति सम्बन्धी विस्तृत विवरणः** जनशक्ति सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

## परिच्छेद ६

## औजार तथा उपकरणहरु र सेवा सम्बन्धी व्यवस्था

२०. अस्पतालमा रहने प्रयोगशाला, औजार तथा उपकरण र विशेषज्ञ सेवा प्रदान गर्ने अस्पतालको पूर्वाधार तथा मापदण्डहरू संघीय कानून बमोजिम हुनेछ ।

**२१. स्वास्थ्य क्लिनिक/पोली क्लिनिक सम्बन्धी मापदण्ड तथा पूर्वाधारहरुः** (१) स्वास्थ्य क्लिनिक/पोली क्लिनिकमा स्वास्थ्य जाँच गर्ने चिकित्सक कुनै पनि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा पनि MBBS वा सो सरहको चिकित्सा सम्बन्धी उपाधि प्राप्त गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ ।

(२) परामर्श सेवा दिने व्यक्ति स्वास्थ्य विज्ञानमा प्रमाणपत्र तह उत्तीर्ण गरी परामर्श सेवा तालीम प्राप्त हुनुपर्नेछ ।

(३) पोली क्लिनिकमा रेडियोलोजी इमेजिङ्ग सेवा, प्रयोगशाला तथा औषधी उपचार सेवा सञ्चालन गर्नु परेमा छुट्टाछुट्टै सेवा सम्बन्धी निर्धारित पूर्वाधार पुरा गर्नु पर्नेछ ।

(४) स्वास्थ्य क्लिनिक/पोली क्लिनिकमा स्वास्थ्य सेवा संचालनका लागि देहाय बमोजिमका आवश्यक न्यूनतम भौतिक सुविधाहरु हुनुपर्नेछः–

| | |
|---|---|
| (क) बिरामीको जाँच गर्न Ventilated वा AC कोठा सेवा अनुसारको छुट्टाछुट्टै (कम्तीमा १४ वर्ग मिटरका) | १ |
| (ख) बिरामी बस्न ठाउँ (कुर्ने ठाउँ) | १ |
| (ग) बिरामी जाँच्ने टेबुल | १ |
| (घ) चिकित्सकका लागि टेबुल | १ |
| (ङ) चिकित्सकका लागि कुर्सी | १ |
| (च) बिरामी बस्ने टुल | १ |
| (छ) शौचालयको व्यवस्था (अपाङ्ग मैत्री सहित) | २ |
| (ज) टेलिफोन, इन्टरनेट र Web Page | |
| (झ) स्वास्थ्य शिक्षा सम्बन्धी सूचना मूलक पोष्टर तथा अन्य सामग्री | |
| (ञ) स्वच्छ पानीको आपूर्ति | |
| (ट) निरन्तर विधुत आपूर्ति | |

(५) सेवा र विषय अनुसारका आवश्यक औजार तथा उपकरणहरुको व्यवस्था गर्नु पर्नेछ ।

(६) बिरामीको सम्पूर्ण विवरण राख्नको लागि कम्प्यूटर वा रजिष्टर गर्नु पर्नेछ ।

(७) क्लिनिकमा प्रयोग हुने सम्पूर्ण औजारहरुको अनिवार्य निर्मलीकरणको व्यवस्था गर्नु पर्नेछ।

(८) क्लिनिकमा काम गर्ने सम्पुर्ण कर्मचारीको योग्यताको प्रमाणप्रत्रको प्रमाणित प्रतिलिपी साथै प्रविधिक कर्मचारीहरुको सम्बन्धित परिषदमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी राख्नुपर्नेछ ।

(९) सेवा शुल्क र आयकर प्रमाणपत्र सबैले देख्ने ठाउँमा राख्नु पर्नेछ ।

(१०) नगरपालिकाबाट तोकिएको एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीको ढाँचा अनुसार नियमित रुपमा मासिक प्रतिवेदन नगरपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

**२२. रेडियोलोजी वा डाईग्नोष्टिक एण्ड इमेजिङ सेवा सञ्चालनका लागि आवश्यक पूर्वाधार तथा शर्तहरुः**

(१) यस निर्देशिकाको प्रयोजनको लागि रेडियोलोजी वा डाईग्नोष्टिक सेवा अन्तरगत देहायका प्रविधिहरु समावेश गरिएको छः–

X-ray (300 mA सम्म)

Ultrasonogram(USG)

(२) उपदफा (१) मा उल्लेख गरिएको बाहेका थप प्रविधिको लागि माग भएमा पालिकाको सिफारिसमा प्रादेशिक स्वास्थ्य संरचनाले स्वीकृती दिनेछ ।

(३) रेडियोलोजी डायग्नोष्टिक तथा ईमेजिङ्ग सेवाबाट पर्ने विकिरणका दूष्प्रभावलाई कम गर्नका लागि उक्त सेवा सञ्चालन गर्न अनुमति दिदा वा सिफारिस गर्दा निम्न मापदण्डलाई आधार मानिनेछः–

**(क) एक्सरेका लागिः**

(१) एउटा एक्सरेमेसिनका लागि कम्तीमा २२५ स्क्वायर फिटका कोठा हुनुपर्ने।

(२) एक्सरे गर्ने कोठाका Wall Thickness

(क) ९ ईञ्च With Plaster of Paris वा

(ख) ६ Inch with 20 mm lead barrier वा

(ग) २.० एम एम lead thickness हुनुपर्ने । साथै झ्याल, ढोका तथा भित्ताबाट हुने विकिरणका चुहावट हुन नसक्ने गरी आवश्यक व्यवस्था भएको हुनुपर्ने।

(३) X-ray सेवा प्रदान गर्ने व्यक्तिका लागि एक्सरे कोठा भित्र ०.५ mm को एप्रोन तथा (Radiation Protective measures का व्यवस्था हुनुपर्ने।

(४) Radiology मा कार्यरत कर्मचारीहरुका लागि radiaton dose monitor उपलब्ध हुनुपर्दछ र समय समयमा Radiation Survey monitoring गर्नुपर्ने।

(५) Eye, Gonadal, Thyroid Gland आदिका Protection को लागि Lead glass/gloves/lead apron को व्यवस्था हुनुपर्ने।

(६) X-ray एक्स्पोज गर्ने कोठा डार्क रुम र प्रतिक्षा गर्ने कक्ष छुट्टाछुट्टै हुनुपर्ने।

(७) Radiology विभागमा जनसाधारणाले देख्ने ठाउँमा X-ray विकिरणले स्वास्थ्यमा खराव असर पर्न सक्छ भन्नेबार सूचना गर्ने । साथै सूचनामा गर्भवती महिला तथा बालबालिलाई अनावश्यक विकिरणबाट बच्न अनुरोध गर्ने।

**(ख) रेडियोलोजी सेवाका लागि आवश्यक जनशक्ति तथा योग्यताः**

रेडियोलोजी सेवाका लागि आवश्यक जनशक्ति तथा योग्यता देहाय बमोजिम हुनुपर्नेछः–

(१) रेडियोलोजिष्टः– मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्सा शास्त्रमा स्नातक तह उतीर्ण गरी रडियोलोजी विषयमा एम डी, डी एम आर डी ,एफ आर सी आर वा सो सरह कोर्ष उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(२) रेडियोलोजी एण्ड ईमेजिङ्गका रिपोर्टिङ्ग रेडियोलोजिष्टहरुले मात्र गर्न पाउनको साथै Radiological Interventional Procedure हरु पनि यथा सम्भव रेडियोलोजिष्टले गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(३) रेडियोलोजी सेवाका लागि आवश्यक जनशक्ति वा योग्यता निम्न बमोजिम हुनु पर्नेछः

(क) medical Physicist:– Medical Physics विषयमा Bsc वा Msc उत्तीर्ण गरको

(ख) बायोमेडिकल ईन्जिनियरः– बायोमेडिकल ईन्जिनियरिङ्ग विषयामा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तीर्ण गरको हुनुपर्नेछ ।

(ग) सिनियर रेडियोग्राफिक टेक्नोलोजिष्टः– सम्वन्धित विषयमा Msc Radiography गरी कम्तीमा स्नातक तहमा ३ वर्ष काम गरेका हुनुपर्छ ।

(घ) रेडियोग्राफीक अधिकृत (रेडियोग्राफिक टेक्नोलोजिष्ट)ःः– चिकित्साशास्त्र अध्ययन संस्थान वा नेपाल सरकारबाट मान्यता प्राप्त अन्य संस्थान यस रेडियोग्राफीक विषयमा (Bsc.MIT, Bsc. RT) स्नातक तह उत्तीर्ण गरेको हुनपर्ने । साथै NHPC (Nepal Health Professional Council मा दर्ता हुनुपर्ने ।

(ङ) रेडियोग्राफरः– चिकित्सा शास्त्र अध्ययन संस्थानबाट वा नेपाल सरकारबाट मान्यता प्राप्त अन्य संस्थाबाट रेडियोग्राफी बिषयमा प्रमाण पत्र तह उतीण गरेका हुनुपर्ने ।

**(ग) Radiation Measurement and Protection सम्बन्धी व्यवस्थाः** Radiation Protection व्यवस्थित गर्न र X- ray Unit हरुको गुणस्तर नाप गर्नलाई चाहिने आवश्यक उपकरण खरीद गरी स्वास्थ्य मन्त्रालयलेतोकेका निकायमा राखेर अनुगमन तथा निरीक्षणमा प्रयोग गर्ने र गुणस्तर, Dose Monitor गर्ने । विश्व स्वास्थ्य संगठनका मापदण्ड अनुसार कुनै काम गर्ने व्यक्तिमा radiationSfdose का 20

Milisievert per year (WHO) को सन् २००२ को मापदण्ड अनुसार देखिएमा उपयुक्त क्षतिपूर्तिका व्यवस्था सम्बन्धित संस्थाले मिलाउन पर्नेछ ।

**(घ) Ultrasonogram (USG) USG :** Ultrasonogram(GSG) को प्रयोग सम्बन्धमा रेडियोलोजिष्टहरु बाहेक आफनोक्षेत्रमा मात्र प्रयोगमा ल्याउनेगरी मान्यता प्राप्त संस्थाबाट कम्तीमा ३ महिनाको USg तालिम प्राप्त गरेको स्त्री तथा प्रसूति रोग सम्बन्धी विशेषज्ञहरुले गर्न पाउनेछन । सेवा सञ्चालन गर्न आवश्यक पर्ने निम्न बमोजिमका उपकरणहरुका व्यवस्था हुनुपर्नेछः–

(१) इमर्जेन्सी सेवामा चाहिने औषधी लगायत औजार उपकरणहरुको व्यवस्था हुन पर्ने।

(२) स्ट्रेचर, ह्वील चियरको व्यवस्था हुनुपर्ने।

(३) शौचालयको राम्रो व्यवस्था हुन पर्ने।

(४) रेकर्डिङ्ग तथा रिपोर्टिङ्गका लागि छुट्टै कोठाको व्यवस्था हुनु पर्ने।

(५) वैकल्पिक विद्युतका लागि जेनेरेटरका व्यवस्था हुनु पर्ने ।

(६) बिरामीका लागि र बिरामी कुरुवा बस्नको लागि कोठा लगायत बेञ्चको व्यवस्था हुनुपर्ने।

(७) स्टोर, रिपोर्ट डिस्ट्रीव्यूसनका लागि छुट्टाछुट्टै कोठाको व्यवस्था हुनुपर्ने।

(८) Medical Equipment repair & maintenance गर्दा वायोमेडिकल ईन्जिनीयर वा रेडियोलोजिकल उपकरण सम्बन्धी विशेष तालिम प्राप्त व्यक्ति हुनुपर्ने ।

(९) विकिरण क्षेत्रमा काम गर्नेलाई अनिवार्य रुपमा रेडिएसन भत्ताको व्यवस्था हुनुपर्ने।

(ङ) रेडियोलोजी सेवाको लागि न्यूनतम उपकरण तथा जनशक्ति पूर्वाधारहरुः

| क्र. सं. | विवरण | क्लिनिक | २५ शैया |
|---|---|---|---|
| १. | एक्स रे मेशिन | १०० एम ए '१ | ३०० एम ए '१ |
| २. | एक्स रे मेशिन पोर्टेबल (मोबाइल) | स्वेच्छिक | स्वेच्छिक |
| ३. | अल्ट्रासाउण्ड मेशिन | स्वेच्छिक | स्वेच्छिक |
| ४. | जनशक्तिः रेडियोलोजिष्ट | आंशिक समय | आंशिक समय |
| | सिनियर रेडियोग्राफिक टेक्नोलोजिष्ट | | |

| | | | |
|---|---|---|---|
| | रेडियोग्राफिक अधिकृत | १ | १ |
| | रेडियोग्राफर | २ | २ |

(च) स्वास्थ्य मन्त्रालयको स्वीकृति विना Radiology सम्बन्धी मशिन नेपमालमा पैठारी गर्न पाइनेछैन ।

२३. **प्रयोगशाला सेवाः** (१) प्रयोगशाला सेवा सञ्चालनका लागि प्रयोगशालाहरुको स्तर, विभाजन र जनशक्ति देहाय बमोजिम हुनुपर्नेछः–

(क) जनरल प्याथोलोजी योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट एम. वि. वि. एस. वा सो सरह उत्तीर्ण गरी MD Path. MRC Path, DCP वा सोसरह उतीर्ण गरको हुनुपर्नेछ ।

(ख) माईक्रोबायोलोजी योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट MD Microbiology उपाधि प्राप्त ।

(ग) हेमाटोलोजी योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट MD Haematology उपाधी प्राप्त ।

(घ) MD Biochemistry: मान्यता प्राप्त शिक्षण संस्थाबाट उपाधि प्राप्त ।

(ङ) मेडिकल टेक्नोलोजिष्टः मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याव टेक्नोलोजी विषयमा स्नातक BMLT उपाधी प्राप्त ।

गर्न पाउने परिक्षणहरुः Histopathology & Bone Marrow Study बाहेकका सबै परीक्षणहरु ।

(च) विशेषज्ञ मेडिकल टेक्नोलोजिष्टः मान्यता प्राप्त शिक्षण संस्थाबाटमेडिकल ल्याव टेक्नोलोजी विषयमा स्नातकोत्तर उपाधि MMLT प्राप्त ।

गर्न पाउने परीक्षणहरूः

MMLT/M.Sc. Microbiology,

MMLT/M.Sc. Haematology,

MMLT/M.Sc. Bio chemistry,

MMLT/M.Sc. Cytology, गरेकोहरुले जुन विषयमा आफुले उपाधी प्राप्त गरेका छ सोही विषयमा मात्र प्रयोगशाला सञ्चालन गरी बिशेषज्ञ सेवा प्रदान गर्न पाउनेछन ।

(छ) ल्याव टेक्नीशियनः मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषमा प्रमाण पत्र तह वा सो सरह उतीर्ण ।

गर्न पाउने परिक्षणहरुः २५ शैया सम्मका सरकारी अस्पताल स्तरमा प्रदान गरिने प्रयोगशाला सम्बन्धी परिक्षणहरु ।

नोटः माथि उल्लेखित जनशक्तिहरूले योग्यता हासिल गरेको विषयको पाठ्यक्रममा उल्लेखित सम्बन्धित परीक्षण गर्न पाउनेछन् ।

(२) उपदफा (१) मा उल्लखित जनशक्तिले आफूले प्राप्त गरेका प्रमाणपत्रका आधारमा व्यवसाय गर्न नेपाल सरकारले तोकेका परिषदमा दर्ता हुनु पर्नेछ ।

२४. **प्रयोगशाला सञ्चालन सम्बन्धी न्यूनतम मापदण्डः** देहायमा उल्लेख भए बमोजिम सरकारी स्तरमा सञ्चालित प्रयोगशालाहरुको स्तर अनुसारको मापदण्ड निजी क्षेत्रमा सञ्चालित प्रयोगशालाहरुको न्यूनतम मापदण्ड हुनेछः–

(क) प्रयोगशालामा कार्यरत जनशक्ति अनुसार देहायमा लेखिए बमोजिमका परीक्षणहरु मात्र गर्न पाईनेछ ।

(ख) आकस्मिक सेवा प्रदान गर्ने हरेक अस्पतालमा शैया अनुसारका आवश्यक पर्ने आकस्मिक परीक्षणहरु गर्नुपर्नेछ । आइ सी यु सेवा प्रदान गर्ने अस्पतालहरुमा Blood gas Analyzer हुनुपर्नेछ ।

(ग) राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला वा अन्य सम्बद्ध निकायबाट सञ्चालन हुने गुणस्तर नियन्त्रक सम्बन्धी कार्यक्रममा अनिवार्य रुपमा भाग लिनुपर्नेछ ।

(घ) राष्ट्रिय जन स्वास्थ्य प्रयोगशालाबाट पठाईने गुणस्तर सम्बन्धी परीक्षण निर्देशन बमोजिम अनिवार्य रुपमा गर्नु पर्नेछ ।।

(ङ) प्रत्येक कोठामा पर्याप्त प्रकास र भेन्टीलेशनको व्यवस्था हुनुपर्नेछ ।

(च) बिजुली र पानीको राम्रो व्यवस्था हुनु पर्नेछ ।

(छ) प्रयोगशालाले फोहर व्यवस्थापन नेपाल सरकारले तोकेको मापदण्ड अनुसार गरेको हुनु पर्नेछ।

(ज) प्रयोगशालामा रगत तान्ने कोठा, सफा गर्ने कोठा, आकस्मिक कोठा, नमुना परिक्षण गर्ने कोठा र शौचालयको अनिवार्य व्यवस्था हुनु पर्नेछ ।

(झ) प्रयोगशालामा आवश्यक पर्ने टेवुल, कुर्सी लगायतका आवश्यक फर्निचरहरु पर्याप्त मात्रामा हुनु पर्नेछ ।

(ञ) प्रयोगशालामा बिशेषज्ञ सेवा प्रदान गर्दा आफुले जुन उपाधी प्राप्त गरेको छ सोही अनुसारमात्र सेवा सञ्चालन गर्न पाउनेछ ।

(ट) प्रयोगशालाको रिपोर्ट प्रमाणित गर्नेकोनाम, शैक्षिक योग्यता एवं परिषदको दर्ता नम्बर उल्लेखित स्टयाम्प वा प्रिन्टको प्रयोग उल्लेख गरेको हुनु पर्नेछ ।

## परिच्छेद ८

## आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी स्वास्थ्य संस्थाहरुको मापदण्ड

**२५. आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी स्वास्थ्य संस्थाहरुका मापदण्डः**

(१) आयुर्वेद तथा वैकल्पिक चिकित्सा प्रणाली अन्तर्गत निजी स्तरमा स्वास्थ्य संस्थाका स्थापना, सञ्चालन तथा स्तरोन्नति गर्दा देहायका मापदण्डहरुका पालना गर्नुपर्नेछः–

**<u>(क) आयुर्वेद स्वास्थ्य सेवाः</u>** (१) आयुर्वेद चिकित्सा प्रणाली अन्तर्गत स्वास्थ्य सेवा प्रदान गर्दा वा चिकित्सा व्यवसाय गर्दा सम्बन्धित बिषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा स्नातकोत्तर उपाधि हासिल गरी नेपाल आयुर्वेद चिकित्सा परिषदमा दर्ता भएका हुनु पर्नेछ । नेपाल सरकारका वहालवाला कर्मचारी भएमा नेपाल सरकारका पूर्व स्वीकृति लिनुपर्नेछ ।

(२) पञ्चकर्म सेवा केन्द्रमा सम्बन्धित बिषयमा कम्तिमा बि.ए.एम.एस वा सो सरह उपाधि प्राप्त व्यक्तिबाट वमन, विरेचन, शिरोविरेचन, आस्थापन, अनवासन वस्ति र रक्तमोक्षण प्रयोग गर्नुपर्ने र उत्तरवस्तिका लागि सम्बन्धित विशेषज्ञबाट गर्नुपर्नेछ ।

(३) आयुर्वेद अस्पतालमा काम गन कर्मचारीलाई संक्रमण सुरक्षा सम्बन्धी  आवश्यक तालिम दिनुपर्नेछ ।

(४) आयुर्वेद अस्पतालल जनशक्ति, भौतिक पूर्वाधार, आजार–उपकरण र सेवाका गुणस्तरीयतामा मात्र संस्था विस्तार गर्न स्वीकृतिका लागि माग गर्न र उपयुक्त ठहर भएमा शाखा विस्तारका स्वीकृति दिन सकिनेछ ।

(५) बिरामीका उपचारका सिलसिलामा आवश्यकता अनुसार विशेषज्ञ चिकित्सक समक्ष वा उपयुक्त स्थानमा प्रेषण (रेफर) गर्नुपर्नेछ ।

(६) रोग निदानार्थ आवश्यक पर्ने ई.सि.जी., इ.इ.जी, प्याथोलोजी, रडियोलोजी तथा अन्य आवश्यक सेवाहरु संचालन गर्नुपरेमा सम्बन्धित बिषयका जनशक्ति र सा सम्बन्धी भौतिक पूर्वाधार, औजार उपकरण नीति नियमका पालना गर्नुपर्नेछ ।

(७) इन्टिग्रेटेड क्लिनिक, नर्सिङ्ग होम वा अस्पताल भनी स्वीकृतिका लागि माग भएमा कुन कुन बिषय र सेवा दिन उद्देश्य राखिएका हो? सो प्रष्ट उल्लेख गरि सोही बमोजिमका जनशक्ति, औजार उपकरण र भौतिक पूर्वाधार व्यवस्था गर्नुपर्नेछ ।

(८) आयुर्वेद चिकित्सा विधामा स्वास्थ्य रक्षा, रोग निवारण, औषधि द्रव्य काष्ठौषधि, रसौषधिका प्रयोग गरिने चिकित्सा सेवा, विना औषधि दिइने सेवा र आयुर्वेद स्वास्थ्य सेवामा उल्लेखित पूर्वकम अन्तर्गतका निराग्नी स्वेद (जल, वायु, सूर्यकिरण, पार्थिव तत्वको प्रयोग), अग्नि स्वेदन, अभ्यङ्ग (Massage), सत्वावजय चिकित्सा (योगाभ्यास, ध्यान आदि) का माध्यमबाट रोगको रोकथाम वा दीर्घजीवनका लागि सञ्चालन गरिन संस्थाहरुले आयुर्वेद स्वास्थ्यकर्मीहरु, भौतिक पूर्वाधार, आवश्यक औजार उपकरण र तोकिएका मापदण्ड पुरा गरि जुन सुकै नाममा संचालन भएतापनि

आधार ग्रन्थ सहित अनुमति प्रदान गर्ने निकायबाट अनुमति लिएर मात्र सञ्चालन गर्न पाइनेछ ।

**(ख) आयुर्वेद चिकित्सा अन्तरगत रहन सेवाहरुः**

**चिकित्सा सेवाः**

१. रोग उपचार (आतुर विकार प्रशमन)

(क) युक्ति व्यापाश्रय चिकित्सा

(ख) संशमन (औषधि चिकित्सा)

(ग) संशोधन (वमनादि पञ्चकर्म शोधन चिकित्सा)

(घ) दैव व्यापाश्रय

(ङ) सत्वावजय

(च) शस्त्र–प्रणिधान

(छ) योगाभ्यास

२. स्वास्थ्य प्रवर्द्धनात्मक, स्वास्थ्य रक्षा तथा प्रतिरोधात्मक स्वास्थ्य सेवा

(क) प्रकृति विनिश्चय र परामर्श

(ख) स्वस्थवृत्त पालन –ऋतुचर्या, दिनचर्या, रात्रिचर्या, पथ्यापथ्य, आहार विहार

(ग) रसायन

(घ) वाजीकरण

(ङ) पञ्चकर्म

(च) योगाभ्यास

**(ग) आयुर्वेद अस्पताल तथा नर्सिङ्ग होम सम्बन्धी मापदण्ड तथा पूर्वाधारः** आयुर्वेद अस्पताल तथा नर्सिङ्ग होम सम्बन्धी मापदण्ड तथा पूर्वाधार संघिय स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धि निर्देशिका बमोजिम हुनेछ ।

**(घ) आयुर्वेद पूर्वकम पञ्चकर्म सेवा केन्द्र सम्बन्धी मापदण्ड तथा पूर्वाधारहरुः** आयुर्वेद पूर्वकम पञ्चकर्म सेवा केन्द सम्बन्धी मापदण्ड तथा पूर्वाधारहरु संघीय स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धि निर्देशिका बमोजिम हुनेछ ।

**(ङ) होमियोप्याथिक चिकित्सा सेवा स्थापना तथा सञ्चालन मापदण्डः** होमियोप्याथिक चिकित्सा सेवा स्थापना तथा सञ्चालन मापदण्ड संघीय स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धि निर्देशिका बमोजिम हुनेछ ।

**(च) होमियोप्याथिक इमर्जेन्सी सेवाः** होमियोप्याथिक इमर्जेन्सी सेवाको मापदण्ड संघीय स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धि निर्देशिका बमोजिम हुनेछ ।

**(छ) निजी स्तरका होमियोप्याथिक अस्पतालका पूर्वाधारः** निजी स्तरका होमियोप्याथिक अस्पतालका पूर्वाधार सघीय स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धि निर्देशिका बमोजिम हुनेछ ।

**(ज) एक्यूप्रेसरः** एक्यूप्रेसर सेवाको मापदण्ड स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धि निर्देशिका बमोजिम हुनेछ ।

**(झ) एक्यूपञ्चर सेवा अस्पतालका पूर्वाधार र मापदण्डहरुः** एक्यूपञ्चर सेवा अस्पतालका पूर्वाधार र मापदण्डहरु संघीय स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धि निर्देशिका बमोजिम हुनेछ ।

**(ञ) प्राकृतिक चिकित्सा अस्पतालका पूर्वाधारहरुः** प्राकृतिक चिकित्सा अस्पतालका पूर्वाधारहरु स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धि निर्देशिका बमोजिम हुनेछ ।

# परिच्छेद १०

## अभिलेख तथा प्रतिवेदन सम्बन्धी व्यवस्था

२६. **अभिलेख तथा प्रतिवेदनः** (१) प्रत्येक स्वास्थ्य संस्थाले प्रदान गरेका सेवाहरु पालिकाको कार्यालयबाट प्राप्त एकिकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अनुसार अभिलेख राख्नु पर्नेछ । तोकिएको समयमा आफुले प्रदान गरेको सेवाको प्रतिवेदन पालिकाको कार्यालयबाट प्राप्त एकिकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीको ढाँचामा सम्बन्धित पालिकाको कार्यालयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । यसरी तोकिए बमोजिमको अभिलेख नराख्ने र प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई सम्बन्धित पालिकाले सचेत गराउनुका साथै अनुमति खारेज गर्न समेत सक्नेछ ।

(२) सूचना व्यवस्थापन गर्ने कर्मचारीलाई सम्बन्धित पालिकाको कार्यालयबाट एकिकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली सम्बन्धि तालिम लिने व्यवस्था गराउनु पर्नेछ ।

(३) स्वास्थ्य संस्थाले सेवा प्रदान गरेका विरामीहरुको रोगको विवरण ICD 10 अनुसार Coding गरी प्रतिवेदन गर्नु पर्नेछ ।

(४) स्वास्थ्य संस्थाले आफनो संस्थामा भएको जन्म तथा मृत्युको घटना विवरण प्रचलित कानून बमोजिम तोकिएको ढाँचामा स्थानीय पञ्जिकाधिकारीलाई मासिक रुपमा दिनु पर्नेछ।

(५) स्वास्थ्य संस्थाले आफ्नो संस्थामा नेपाल सरकारले तोकेको notifiable diseases का विरामी पत्ता लागेको वा शंका लागेको खण्डमा वा कुनै रोगको महामारीको शंका लागेमा तुरुन्तै नगर कार्यपालिकाको कार्यालयमा सूचना गर्नु पर्नेछ ।

## परिच्छेद ११

## सञ्चालन अनुमति नविकरण हुन नसक्ने अवस्था र खारेजी सम्बन्धी व्यवस्था

**२७. सञ्चालन अनुमति नविकरण नहुनेः**

(१) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायका अवस्थामा स्वास्थ्य संस्थाका सेवा सञ्चालन अनुमतिको नविकरण गरिने छैनः–

(क) नियमित वा आकस्मिक अनुगमन गर्दा तोकिएका गुणस्तर वा पूर्वाधार पुरा नगरी स्वास्थ्य सेवा सञ्चालन गरेको पाईएमा,

(ख) प्रारम्भिक वातावरणीय परीक्षणमा उल्लिखित शर्तहरु पालना नगरेको पाईएमा,

(ग) अस्पतालले प्रदान गरेका सेवाको तोकिएको ढाँचामा अभिलेख नराखेमा, तोकिएको ढाँचा र समयमा नियमित प्रतिवेदन नगरेमा र वार्षिक प्रतिवेदन नगर कार्यपालिकाको कार्यालयमा पेश नगरेमा,

(घ) स्वास्थ्य संस्थाबाट सिर्जित अस्पतालजन्य फोहरमैलाको उचित व्यवस्थापन नगरेको पाईएमा,

(ङ) मन्त्रालय वा प्रादेशिक स्वास्थ्य संरचना वा सम्वन्धित निकाय वा पालिकाको कार्यालयले दिएको निर्देशनको उल्लंघन गरेमा,

(च) भवन संहिता अनुरुप भवन निर्माण नभएको वा पुराना भवनको हकमा तोकिएका समयभित्र भुकम्पीय दृष्टिकोणले भवन प्रबलीकरण गरेको नपाईएमा ।

**२८. खारेजी गर्न सकिनेः**

(क) यो निर्देशिका प्रारम्भ हुन अघि अनुमति प्राप्त गरी सञ्चालनमा रहेका स्वास्थ्य संस्थाले संस्था सञ्चालन गर्न नसक्ने जनाइ सञ्चालन अनुमति खारेजीका लागि निवेदन दिएमा सम्बन्धित निकायले त्यस्ता संस्थाका सञ्चालन अनुमति खारेजी गर्न सक्नेछ।

(ख) गैर कानूनी क्रियाकलाप गरेको पाईएमा सम्बन्धित निकायले सम्बन्धित सेवा निलम्वन वा त्यस्ता संस्थाका सञ्चालन अनुमति खारेजी गर्न सक्नेछ ।

(ग) दफा २७ र २८ मा तोकिएका कार्यहरु उलंघन गरेमा ।

## परिच्छेद १२

## विविध

**२९. सेवा शुल्क निर्धारण समिति सम्बन्धी व्यवस्थाः** (१) सर्वसाधारणलाई उचित मूल्यमा गुणस्तरीय स्वास्थ्य सेवा पुर्याउने प्रयोजनका लागि स्वास्थ्य संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवाको गुणस्तरका आधारमा त्यस्ता स्वास्थ्य संस्थाले लिन सक्ने सेवा शुल्क सम्बन्धी मापदण्ड निर्धारण गर्नका लागि नगर कार्यपालिकाको कार्यालयले एउटा सेवा शुल्क निर्धारण समिति गठन गर्नेछ र उक्त समितिको सिफारिसको आधारमा सेवा शुल्क निर्धारण हुनेछ ।

(२) उपदफा (१) का प्रयोजनका लागि सेवा शुल्क निर्धारण समितिको बैठक आवश्यकता अनुसार वस्नेछ ।

(३) सेवा शुल्क निर्धारण समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

३०. **मापदण्ड तथा अनुसूचीमा हेरफेरः** कार्यपालिकाले यस निर्देशिकामा उल्लिखित मापदण्ड तथा अनुसूचीहरू आवश्यकता अनुसार हेरफेर र थपघट गर्न सक्नेछ ।

३१. **व्याख्या गर्ने अधिकारः** यस निर्देशिकामा उल्लिखित मापदण्डका कुनै प्रावधानको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयनमा वाधा आई परेमा नगर कार्यपालिकाले सो मापदण्डको व्याख्या गर्नेछ।

३२. **स्वतः अमान्य हुनेः** यस निर्देशिकामा लेखिएका कुनै कुरा प्रचलित कानूनको कुनै व्यवस्थासँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

*अनुसूची–१*

(दफा २ को खण्ड (क) सँग सम्बन्धित)

**पूर्वाधार, स्थायी एवं स्तरोन्नती स्वीकृतिको प्रयोजनको लागि अनुगमन समिति सम्बन्धी व्यवस्था**

**नगरपालिका स्तरीय अनुगमन समिति**

१. मे.सु. / मेडिकल अधिकृत –संयोजक

२. ल्याब टेक्नीसियन/अधिकृत (एक) –सदस्य

३. रेडियोग्राफर/अधिकृत (एक) –सदस्य

४. पब्लिक हेल्थ नर्स/स्वास्थ्य अधिकृत (एक) –सदस्य

५. (सब) इन्जिनियर (सिभिल)(एक) –सदस्य

६. न.पा को कार्यालयबाट मनोनित अधिकृत स्तरको कर्मचारी (एक)–सदस्य

७. जनस्वास्थ्य अधिकृत –सदस्य सचिव

**पूनश्चः** पालिकाको कार्यालयमा सबै सदस्यहरु नभएको अवस्थामा जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय तथा जिल्लामा अवस्थित सरकारी अस्पतालका कर्मचारीहरुबाट सदस्य कायम गर्ने ।

**नोटः** समितिले आवश्यकता अनुसार सम्बन्धित विषयका विशेषज्ञलाई समितिका सदस्यका रुपमा थप गर्न सक्नेछ।

*अनुसूची– २*

**(दफा २ को खण्ड (प) सँग सम्बन्धित)**

**भवन सम्बन्धी मापदण्ड**

यस नगरपालिका भित्रको स्वास्थ्य संस्थाको भवन सम्बन्धी मापदण्ड देहायका मापदण्ड अनुसार कायम गरिनुपर्नेछ ।

- अधिकतम ग्राउण्ड कभरेज – ४० प्रतिशत
- Floor Area Ratio – २.५
- न्युनतम पार्किङ स्थल – जम्मा जग्गाका २५ प्रतिशत
- भवनका सेट ब्याक (Set Back) – कम्तिमा ३ मिटर भवनका चारैतिर
- लाईट प्लेन ( Light Plane) – ६३.५ डिग्री

*अनुसूची–३*

## (दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

## पूर्वाधार स्वीकृतिको मनसाय पत्रका लागि निवेदन फाराम

श्री ...............................................................

.............................................................

............................................................. ।

निम्नानुसार प्रस्तावित अस्पतालका संचालन तथा पूर्वाधार स्वीकृतिको मनसाय पत्रका लागि देहाय अनुसार कागजात सहित निवेदन फाराम पेश गरेका छु/छौं।

निवेदन फारामः

कार्यकारी अधिकृत/संचालन समितिका तर्फबाट

..........................................................

१. अस्पतालको नामः–　　　　　　　　　　शैया संख्याः–

२. साधारण सेवा/विशेषज्ञ सेवा वा अस्पताल के हो उल्लेख गर्नेः–

३. अस्पतालको ठेगाना (पत्राचार गर्ने ठेगाना)ः– पालिकाः .....　　　　वडा नं. ...　　टोलः ...

ब्लक नंः–　　　　टेलिफोनः–　　　　मोबाइल नं.–　　　　पो.ब.नं.ः–

४. अस्पताल खोल्न व्यक्तिहरु (५ प्रतिशत भन्दा बढी शेयर धारण गर्नेहरुको मात्र)ः–

नामः–                                    ठेगानाः–

नागरिकता नं.ः–                              मोबाइल नं.ः–

फोन नं.ः–

५. अस्पतालका लागि आवश्यक जग्गा र स्वामित्वका

(क) जग्गाका कित्ता, क्षेत्रफल र स्वामित्वका प्रकारः

(ख) लिजमा भए कबुलियतनामा पेश गर्नेः

६. अस्पतालका वित्तीय स्रोतः–

(क) निजी लगानी    (ख) बैंक कर्जा    (ग) सरकारी    (घ) अनुदान सहयोग

(ङ) गैरसरकारी संस्थाबाट कर्जा लिइ संचालन गर्ने भए सोको विवरण (च) अन्य

वित्तीय लगानीः–(स्थीर पूँजी लागत) रु. ....................

(क) भवन तथा जग्गाकोलागिः–रु. ....................

(ख) औजार उपकरणकोलागिः–रु. ....................

वित्तीय लगानी (चाल पूँजी लागत) रु. ..................

रोजगार संख्याः–

अनुमानित आम्दानीः–रु. ..................

अनुमानित मुनाफाः–................. मासिकः–रु. ................. त्रैमासिकः–रु. .................

वार्षिकः–रु. .................

७. देहायका विषयहरु समेत समावेश भएको व्यावसायिक कार्ययोजना

(क) स्वीकृत संस्थाबाट प्रदान गर्न सेवाहरूका विवरणः

| निदानात्मक सेवा | प्रतिकारात्मक सेवा | उपचारात्मक सेवा |
|---|---|---|
| • एक्स–रे<br>• अल्ट्रासाउण्ड<br>• इन्डोस्कोपी<br>• इसीजी, ट्रेडमिल<br>• प्रयोगशाला<br>• .............<br>• .............. | • खोप<br>• गर्भवती, सुत्केरी जाँच<br>• परिवार नियोजन<br>• ...............<br>• ...............<br>• ..................<br>• ................. | • प्रसूति तथा स्त्री रोग<br>• जनरल मेडिसिन<br>• जनरल सर्जिकल<br>• विशेषज्ञ सेवाः जस्तै प्रसूति सेवा, मृगौला रोग,<br>• स्नायु, आँखा, हाडजोर्नी, मानसिक सेवा<br>• ...................<br>• ............ |

(ख) संस्थामा प्रयोग हुन आवश्यक उपकरणहरूका विवरण (संलग्न गर्ने):

(१)...................................................................................................

(२)...................................................................................................

(३)...................................................................................................

(४)...................................................................................................

(ग) संस्थामा सेवा पुर्याउनका लागि आवश्यक पर्ने जनशक्तिका विवरण (संलग्न गर्ने):

(१) विशेषज्ञः नामः पदः योग्यताः पार्टटाइमः फुलटाइमः

(२) प्राविधिकः नामः पदः योग्यताः पार्टटाइमः फुलटाइमः

(३) प्रशासनिकः नामः पदः योग्यताः पार्टटाइमः फुलटाइमः

नोटः

(१) संस्थामा काय गन प्राविधिक कर्मचारीहरू सम्बन्धित परिषदमा दर्ता भएका हुनुपर्ने । सम्बन्धित परिषदका प्रमाण पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(२) कर्मचारीहरूका योग्यताका प्रमाणित प्रतिलिपिका साथै कार्य गर्ने मन्जुरीनामा समेत संलग्न हुनुपर्ने ।

(३) सरकारी कार्यालयमा कार्यरत कर्मचारीहरू संलग्न हुने भएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ का दफा ५९ अनुसारको स्वीकृति पत्र अनिवार्य रुपमा संलग्न हुनुपर्ने ।

(४) प्राविधिक कर्मचारीहरुल आपैm कार्य गर्नेअन्य संस्थाहरुका समेत विवरण खुलाउने।

*अनुसूची–४*

**(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)**

## स्वास्थ्य संस्थाका स्थापना, सेवा विस्तार वा स्तरोन्नतिका लागि अनुमति प्राप्त गर्न दिन निवेदन

## फाराम

१. संस्थाका नामः–                                        शैया संख्याः–

२. साधारण सेवा/विशेषज्ञ सेवा अस्पतालमा कुन हो उल्लेख गर्नेः–

३. संस्थाका ठेगाना (पत्राचार गन ठेगाना)ः–

पालिकाः–                वडा नं. ः–                टोलः–

जिल्लाः–                व्लक नं. ः–                टेलिफोन नं. ः–

४. संस्था खोल्न व्यक्तिहरुः–

नामः–

नागरिकता नं. ः–

ठेगानाः–

फोन नं. ः–                मोबाइल नं. ः–

५. संस्थाका वित्तीय स्रोतः–

क. निजीः–

ख. शेयर कर्जाः–

ग. सरकारीः–

घ. गैर सरकारी संस्थाबाट कजा लिइ संचालन गन भए सा उल्लेख गर्नेः–

वित्तीय लगानीः–        (लागत) रु.

क. भवन तथा जग्गाका लागिः–

औजार उपकरणः–

जनशक्तिः–

अनुमानित आम्दानीः–

आम्दानीः                स्वदेशीः–                बिदेशीः–

अचल सम्पत्तिका स्रोतः–          अनुमानित मुनाफाः–          मासिकः–

त्रैमासिकः–          वार्षिकः–

६. नर्सिङ्ग होम तथा निजी अस्पतालका वर्गीकरण अनुसार प्रदान गर्ने सेवाहरुको बिवरण कुन–कुन सेवा पुर्याउने हो ? खुलाउने ।

| <u>निदानात्मक सेवा</u> | <u>प्रतिकारात्मक सेवा</u> | <u>उपचारात्मक सेवा</u> | <u>अन्य सेवा</u> |
|---|---|---|---|
| एक्स–रे | खोप | प्रसूति तथा स्त्रीरोग | एम.सि.एच क्लिनिक |
| प्याथोलोजी ल्याव | आहार विहार | जनरल मेडिसिन | परिवार नियोजन |
| अल्ट्रासाउण्ड | | जनरल सर्जिकल | |
| ई.सी.सी., ट्रेडमील | | विशेषज्ञ सेवा जस्तैः– इण्डोस्कोपी, प्रसूति सेवा, | |
| प्रयोगशाला सर्जिक सेवा तथा | | मृगौला रोग, स्नायु, दन्त, | |
| रुजाहर व्यवस्थापन | | | |

७. संस्थामा प्रयोग हुने आवश्यक मुख्य उपकरणहरुको बिवरण तथा स्रोतः–

(क)

(ख)

(ग)

(घ)

(ङ)

(च)

(छ)

(ज)

(झ)

८. संस्थामा सेवा पुर्याउने कर्मचारीहरुका बिवरण सम्बन्धित मापदण्ड अनुसारः–

(क) विशेषज्ञः–

| नाम | पद | योग्यता |
|---|---|---|

पार्टटाईम/फुलटाईम

(ख) प्राविधिकः–

| नाम | पद | योग्यता |
|---|---|---|

पार्टटाईम/फुलटाईम

(ग) प्रशासनिकः–

| नाम | पद | योग्यता |
|---|---|---|

पार्टटाईम फुलटाईम

<u>नोटः</u>

१) सम्बन्धित सेवा अनुसार निर्धारित मापदण्डहरु र पूर्वाधारहरु पूरा भएपश्चात मात्र सेवा संचालन गर्न पाईनेछ ।

२) उपर्युक्त बमोजिम केकति कर्मचारीहरुका संस्थामा संलग्न हुनेहो, स्पष्ट उल्लेख हुनुपर्ने ।

३) सबैशुल्क बिवरण बिस्तृत रुपमा उल्लेख हुनुपर्ने ।

४) संस्थामा कार्य गर्ने प्राविधिक कर्मचारीहरु सम्बन्धित परिषदमा दर्ता भएको हुनुपर्ने, सम्बन्धित परिषदको प्रमाणपत्र अनिवाय रुपमा पेश गर्नुपर्ने ।

५) कर्मचारीहरुकोयोग्यताकोप्रमाणित प्रतिलिपिका साथै कार्य गर्ने मन्जुरीनामा समेत संलग्न हुनुपर्ने ।

६) नेपाल सरकारमा कार्यरत कर्मचारीहरु संलग्न हुनेभएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ का दफा ५९ अनुसारका स्वीकृति पत्र अनिवार्य रुपमा संलग्न हुनुपर्ने ।

७) प्राविधिक कर्मचारीहरुल आफैकार्य गर्ने अन्य संस्थाहरुकोसमेत विवरण खुलाउने।

<u>**नोटः**</u> स्वास्थ्य संस्था सञ्चालनका लागि निवेदन दिदा स"लग्न गर्नुपन कागजातहरु

१. निवेदन फारम

२. कम्पनी दर्ता/संस्था दर्ताको प्रमाणित प्रतिलपि

३. संस्था/कम्पनीको विधान÷प्रवन्ध पत्र, नियमावलीको प्रतिलिपि

४. स्थायी लेखा दर्ता प्रमाण–पत्रका प्रतिलपि

५. स्थापना गर्न लागिएका ठाउँमा अस्पताल आवश्यक छ भन्नेसम्बन्धित वडाको सिफारिस पत्र

६. अस्पतालमा काम गर्ने जनशक्ति सम्बन्धी विवरण

(क) बायोडाटा

(ख) शैक्षिक योग्यता, तालिमका प्रमाणित प्रतिलिपि

(ग) प्राविधिक कर्मचारीहरुल सम्बन्धित काउन्सिलका दर्ता प्रमाण–पत्रका प्रतिलिपि

(घ) नागरिकता प्रमाणपत्रका प्रतिलिपि

(ङ) जनशक्तिहरुका काम गन समय (पाट टाइम/फुल टाइम किटान गर्नुपर्नेछ)

(च) मञ्जुरीनामा/कबुलियतनामा

७. औजार उपकरणका बिवरण तथा स्रोत

८. सम्पूर्ण सेवा शुल्क बिवरण

९. भौतिक सामग्रीको बिवरण

१०. प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्यांकन (EIA) स्वीकृति पत्रका प्रतिलिपी

११. अस्पतालको विस्तृत सर्भेक्षण सहितको प्रस्ताव

१२. अस्पतालको आर्थिक नियमावली

१३. अस्पतालले लिन सेवा शुल्क विवरण र गरीब तथा असहायलाई छुट दिने नीति

१४. प्रदान गरिन सेवाका विवरण

१५. जग्गा/घरका स्वामित्व

१६. घर/कोठा बहालमा लिइ सञ्चालन गर्ने भए घर बहाल सम्झौता–पत्र र भवन स्वास्थ्य संस्था संचालन गन राष्ट्रिय भवन संहिता बमोजिम उपयुक्त छ भन्ने सम्बन्धि सिफारिश पत्र

१७. भवनका स्वीकृत नक्सा

१८. संस्थाका चल अचल सम्पत्ति बिवरण तथा वित्तीय स्रोत

१९. संस्थाका कार्य योजना (Scheme)

२०. PAN मा दर्ता नम्वरः

२१. कर चुक्ता प्रमाण पत्र (लागुहुने अवस्थामा मात्रै)

२२. लेखापरीक्षण प्रतिवेदन (लागुहुने अवस्थामा मात्रै)

२३. बिरामी बडापत्रका नमुना

२४. सम्बन्धित निकायका भवन संहिता सम्बन्धी स्वीकृति पत्र

२५. रु. ५ को हुलाक टिकट

२६. मूल्य अभिबृद्धि कर वा आयकरमा दर्ता भएको प्रमाणपत्र

२७. भवन निर्माण सम्पन्न प्रमाणपत्र

२८. सम्बन्धित निकायबाट भवनका नक्सा डिजाइन र निर्माण राष्ट्रिय भवन संहिताका मापदण्ड बमोजिम भएका स्वीकृति पत्र ।

## *अनुसूची–५*

**(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)**

**स्वास्थ्य क्लिनिक/रेडियोईमेजिङ सेवा/पोलिक्लिनिक सञ्चालन अनुमति माग गर्ने**

**निवेदन फाराम**

१. संस्थाका नामः–                                        शैया संख्याः–

२. संस्थाको ठेगाना (पत्राचार गर्ने ठेगाना) :–प्रदेशः          पालिकाः       वार्ड नं.    जिल्लाः

टेलिफोन नं. :–

३. संस्था खोल्न व्यक्तिहरुः–    नामः–               नागरिकताः–  ठेगानाः–       फोन नं. :–

४. संस्थाका वित्तीय स्रोतः–

क. निजीः–               ख. शेयर कर्जाः–               ग. वैदेशिकः–

घ. गैर सरकारीः–           ङ. सामुदायिकः–              च. अन्य

५. संस्थाका क्षमता तथा बिस्तृत काय योजनाः–

सेवा प्रदान गर्ने क्षेत्रहरुः

| <u>निदानात्मक सेवा</u> | <u>प्रतिकारात्मक सेवा</u> | <u>उपचारात्मक सेवा</u> |
|---|---|---|
| एक्स–रे | खोप | प्रसूति तथा स्त्रीरोग अल्ट्रासाउण्ड |
| | एम.सि.एच. | जनरल मेडिसिन |
| इण्डोस्कोपी | परिवार नियोजन सेवा | जनरल सर्जिकल विशेषज्ञ सेवा |
| | | जस्तैः–ई.सी.सी.,ट्रेडमिल प्रयोगशाला आँखा,नाक, मुटु, मृगौला स्नायुरोग ईत्यादि |

अन्य सेवाः– फार्मेसी

**६. सेवा शुल्क, अलग र स्पष्टसँग) खुलाउनेः–**

**७. संस्थामा सेवा हुन आवश्यक उपकरणहरुका बिवरण तथा स्रोतः–**

**८. संस्थामा सेवा पुर्याउने जनशक्ति बिवरणः–**

संख्या/योग्यता/अनुभव/पार्टटाईम/फुलटाईम/अन्य सुविधा

सामान्य चिकित्सकः विशेषज्ञ चिकित्सकः अन्य प्राविधिकः

नोटः

१) सम्बन्धित सेवा अनुसार निर्धारित मापदण्डहरु र पूर्वाधारहरु पूरा भए पश्चात मात्र सेवा संचालन गर्न पाईनेछ ।

२) उपर्युक्त बमोजिम केकति कर्मचारीहरुका संस्थामा संलग्न हुन हो, स्पष्ट उल्लेख हुनुपर्ने ।

३) संस्थामा काय गन कर्मचारीहरु सम्बन्धित परिषदमा दर्ता भएका हुनुपर्ने, सम्बन्धित परिषदका प्रमाणपत्रहरु अनिवाय रुपमा पेश गर्नुपर्नेछ ।

४) कर्मचारीहरुकोयोग्यताकोप्रमाणित प्रतिलिपिहरु संलग्न हुनुपर्नेछ ।

६) नेपाल सरकारमा कार्यरत कर्मचारहिरु संलग्न हुन भएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ का दफा ५९ अनुसारका स्वीकृति पत्र अनिवार्य रुपमा संलग्न हुनुपर्ने ।

## *अनुसूची–६*

**(दफा ८ र ९ को उपदफा (२) संग सम्बन्धित)**

**स्वास्थ्य संस्था स्थापना तथा नविकरण अनुमति दस्तुर**

| सि.नं | संस्थाका किसिम | शुल्क निर्धारण इकाइ | स्थापनाका लागि दस्तुर रकम रु. | नविकरणका लागि दस्तुर रकम रु. |
|---|---|---|---|---|
| १ | अस्पताल तथा नसिङ्ग होम | शैया सख्या | प्रति शैया रु. ४०००।– | प्रति शैया रु. ५००।– |
| २ | डायग्नोस्टिक सेन्टर | सेवा प्रकार | प्रति सेवा रु. १०,०००।– | प्रति सेवा रु. १,०००।– |
| ३ | पोलिक्लिनिक÷क्लिनिक | सेवा प्रकार | प्रति सेवा रु. १०,०००।– | प्रति सेवा रु. १,०००।– |
| ४ | आयुर्वेद अस्पताल/वैकल्पिक चिकित्सा | शैया संख्या | प्रति शैया रु. २०००।– | प्रति शैया रु. ५००।– |
| ५ | आयुर्वेद क्लीनीक | सेवा प्रकार | प्रति सेवा रु ५,०००। | प्रति सेवा रु ५००। |

*अनुसूची–७*

**(दफा १५ उपदफा (१) को बुदा (ट) संग सम्बन्धित)**

**स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको विरामी बडापत्रको ढाँचा**

| सि.न. | शाखा | प्रदान गरिने सेवाको विवरण | प्रक्रिया | दस्तुर | लाग्ने समय | सम्पर्क ब्यक्ति | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## *अनुसूची–८*

### (दफा १५ उपदफा (१) को बुँदा (थ) संग सम्बन्धित)

### स्वास्थ्य संस्थाबाट आकस्मिक सेवाको लागि चिकित्सक तथा स्वास्थ्यकर्मीको विवरणको ढाँचा

मितिः

| क्र.सं | स्वास्थ्यकर्मीको नाम | पद | समय | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

*अनुसूची–९*

(दफा ५ का उपदफा (४) सग सम्बन्धित)

श्री निजगढ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

स्वास्थ्य संस्था

**संचालन अनुमति पत्र**

**अनुमति पत्र नं.**

श्री.........................................

............................................

स्वास्थ्य सस्था संचालन गर्न अनुमतिका लागि मिति ..............................मा प्राप्त निवेदन उपर कारबाही हुँदा त्यस ..................................... संस्थालाई संचालन गर्न दिने गरी मिति ...................................मा निर्णय भएकाले जन स्वास्थ्य सेवा ऐन, २०७५, जन स्वास्थ्य सेवा नियमावली २०७७ तथा देहाएका शर्तहरुको अधिनमा रही निजगढ नगरपालिका ..........................वडा नं. .............................मा ........ शैया क्षमताको............................ अस्पताल र स्वास्थ्य संस्था संचालन गर्न जनस्वास्थ्य नियमावली, २०७७ को नियम १२ को उपनियम (५) तथा यस निजगढ नगरपालिकाको स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण निर्देशिका, २०८२ को दफा (५) को उपदफा (४) बमोजिम यो इजाजत पत्र दिईएको छ ।

१ स्वास्थ्य संस्था तथा त्यस्तो संस्थाले प्रदान गर्नु पर्ने सेवाः

२. इजाजत कायम रहने अवधिः

इजाजतपत्र दिने अधिकारीकोः

दस्तखतः

नामः

दर्जाः

मितिः(इजाजत पत्रको पछाडीको पृष्ठमा लेखिने)

<u>**इजाजतपत्र प्राप्त सस्थाल पालना गर्नुपर्ने शर्तहरूः**</u>

- स्वास्थ्य संस्था संचालन गर्दा तोकिएको न्यूनतम मापदण्ड पालना सम्बन्धमा ।
- स्वमूल्याङ्कन गरी गणस्तर सधार गर्दे जानपर्ने ।
- नेपाल सरकारबाट स्वीकृत गरिएको सरकारी कार्यक्रम लागू गर्नु पर्ने ।
- प्रदेश सरकार तथा स्थानीय तहले जारी गरेका नीति तथा कार्यक्रम लागू गर्ने ।
- मन्त्रालयले समय समयमा तोकेका अन्य शर्तहरु पालना गर्नुपर्ने ।

**आज्ञाले**

राजेन्द्र बहादुर अर्याल

प्रमुख प्रशासकीय अधिकृत